# आर्थिक वर्ष २०८३-८४ को
# नीति तथा कार्यक्रम

तुलसीपुर उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

**२०८३ असार ५**

# तुलसीपुर उपमहानगरपालिकाको १९ औँ नगर सभाको प्रथम अधिवेशनमा नगर प्रमुख श्री टिकाराम खड्का ज्यू ले प्रस्तुत गर्नुभएको

## आ.व २०८३-८४ को

# वार्षिक नीति तथा कार्यक्रम

## तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तुलसीपुर, दाङ
## २०८३ असार ५

**सम्मानित यस सभाका सदस्यज्यूहरू,**

यस तुलसीपुर उपमहानगरपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । सर्वप्रथम इतिहासका विभिन्न कालखण्डहरुमा भएका राजनीतिक परिवर्तन, दश वर्षे शसस्त्र द्वन्द, संघर्ष तथा विभिन्न समयका परिवर्तनकारी आन्दोलन र पछिल्लो समयमा भएको जेन्जी आन्दोलनका क्रममा ज्यान आहुती गरि साहदत प्राप्त गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति उच्चसम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै घाइतेहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालको संविधानले मुलुकलाई एकात्मक राज्य व्यवस्थाबाट संघीय प्रणालीमा रूपान्तरण गरे सँगै स्थानीय तहहरु जनतालाई घर आगनमै सरकारको प्रत्यक्ष अनुभुती दिलाउनका लागि विकास निर्माण तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारीका साथ प्रयासरत छन। नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले स्थानीय सरकारसँग नागरिकको आशा, भरोसा र अपेक्षाहरु असिमित रहेका छन ।समृद्ध तुलसीपुर निर्माण गर्ने लक्ष्यका साथ **"हाम्रो तुलसीपुर राम्रो तुलसीपुर खुशी जनता समृद्ध तुलसीपुर"** भन्ने मूल नाराका साथ हामी अनवरत रुपमा अगाडी बढिरहेका छौं ।तुलसीपुरलाई समुन्नत नगर निर्माणका लागि हामी निर्वाचित भइ कार्यभार सम्हाले देखि नै असल नियतका साथ कुशल कर्म गर्न प्रयत्न गरिरहेका छौं ।हाम्रो प्रयास, जनताको विश्वास र सरोकारवाला सबैको महत्वपूर्ण र अर्थपूर्ण सहकार्य र सहयोगले तुलसीपुर समृद्धिको यात्रामा गतिशिल रहेको छ ।यसलाई जीवन्त नगरको रुपमा विकास गर्नका लागि हामीले अझै धेरै गर्न बाँकी छ भन्ने विषयलाइ गहिरो रुपमा महसुश गरेका छौं । तुलसीपुरको समग्र समावेसी विकास, आत्मनिर्भरता, समाजवाद उन्मुख अर्थतन्त्र, स्वस्थ, सुन्दर र नमुना नगर बनाउने लक्ष्यतर्फ यो नीति तथा कार्यक्रमले दिशाबोध गर्ने विश्वास लिएका छौं।

नगरवासीको हितमा इमान्दार, जिम्मेवार, जवाफदेही र उत्तरदायी हुँदै हामीले काम गर्दै आएको कुरा सर्वविदितै छ ।नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, स्थानीय तह योजना तर्जुमा दिगदर्शन, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, नगरको दीर्घकालीन लक्ष्य, आवधिक विकास योजना र दिगो विकास लक्ष्य लगायत प्रचलित नीति, नियम, कानूनहरु नगरवासी तथा सम्पूर्ण सरोकारवालाहरुका आवश्यक सल्लाह सुझावहरु यस नीति तथा कार्यक्रमका मुख्य आधारहरु हुन ।हामीले निर्माण गरेको दीर्घकालीन रणनीतिक योजना, नगरको आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचनाको जगमा टेकेर योजनाहरू निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गरिरहेका छौं र गर्नेछौं ।जसबाट नतिजामुखी विकास तथा सेवा प्रवाहको प्रत्यक्ष प्रतिफल नगरबासीले प्राप्त गरिरहनुभएको छ ।नगरवासीको समृद्धिका आकांक्षालाई सम्भावनामा बदल्नका लागि विगतमा झै यस वर्ष पनि नगरबासी तथा सरोकारवालाहरुको प्रत्यक्ष तथा अप्रत्यक्ष समन्वय, सहकार्य र सहयोगको निरन्तर अपेक्षाका साथ बालमैत्री, लैङ्गिकमैत्री, प्रविधिमैत्रि र प्राविधिक शिक्षा, गुणस्तरीय तथा दिगो भौतिक पूर्वाधार विकास, सडक विस्तार, स्वच्छ र शुद्ध खानेपानी, सवै क्षेत्रमा बिधुत तथा ईन्टरनेटको पहुँच, फोहोरमैलाको दिगो व्यवस्थापन, सबैका लागि आधारभूत स्वास्थ्य सेवा, व्यसायिक तथा आर्थिक समृद्धिका लागि कृषि तथा पशुपालन प्रवर्द्धन, नवप्रवर्द्धनमा आधारित उधमशिलता, सामाजिक सुरक्षा, समन्यायिक, समतामूलक तथा समावेशी विकासका क्षेत्रमा महत्वपूर्ण नीति तथा कार्यक्रम प्रस्तुत गरेका छौं ।

**आगामी आ.वको नीति तथा कार्यक्रममा देहायका विषयलाई विशेष प्राथमिकतामा राखिएको छः**

क) संविधानको भावना अनुरुप स्थानीय तहका एकल र साझा अधिकारको प्रभावकारी कार्यान्वयन, स्थानीय तहको सुदृढीकरण, सरल एवम् गुणस्तरीय सेवा प्रवाह, सुशासन अभिवृद्धि तथा नागरिक सन्तुष्टि कायम गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई टेवा पुऱ्याउने,

ख) विकासका लागि अत्यावश्यक स्रोतसाधनको दिगो व्यवस्थापन गर्न आन्तरिक राजश्वको दायरा विस्तार, विनियोजन, कार्यकुशलता अभिवृद्धि, संस्थागत क्षमता विकास तथा वित्तीय सुशासन सुनिश्चित गर्ने,

ग) कृषि, पशु, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, पर्यटन, सूचना प्रविधि तथा सेवा क्षेत्रको समावेशी, दिगो र गुणस्तरीय विकासमा जोड दिई सामाजिक तथा आर्थिक समृद्धि हासिल गर्ने,

घ) जनसंख्या र बसाइँसराइ, भौगोलिक अवस्थिति, गरिबी तथा मानव विकास सूचकांकको अवस्था, विकासको सम्भाव्यता, स्रोतको उपलब्धता र क्षमतालाई दृष्टिगत गरी स्रोत साधनको सन्तुलित विनियोजन गर्ने,

ङ) पूर्वाधार विकासमा सन्तुलित, समन्यायिक, समावेशी, गुणस्तरीय र दिगो विकासको अवधारणालाई कार्यान्वयन गर्ने, अधुरा तथा बहुवर्षिय र निरन्तरताका आयोजनाको निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्ने,

च) उत्पादनमूलक र सेवा क्षेत्रमा नतिजामा आधारित लगानी र प्रोत्साहन प्रणालीलाई जोड दिँदै लगानीका सम्भावित क्षेत्रमा सार्वजनिक निजी साझेदारी र निजी तथा सहकारी क्षेत्रको लगानी अभिवृद्धिका लागि आवश्यक नीतिगत, कानुनी एवम् प्रक्रियागत सुधार गर्ने,

छ) विद्युत, खानेपानी तथा आधारभूत स्वास्थ्य सेवाको पहुँच नपुगेको वडाका बस्तीहरुलाई विशेष प्राथमिकता दिइ पूर्वाधार निर्माण गर्ने साथै दिगो फोहोर व्यबस्थापन लाई बिशेष प्राथमिकता दिइने ,

ज) यस नगरभित्र सेवारत गैर सरकारी संघ संस्था तथा निजि क्षेत्रका सेवा प्रवाह तथा कार्यक्रमहरुमा समन्वयात्मक तथा प्रभावकारी भूमिका निर्वाहमा जोड दिने ,

झ) बजेट बिनियोजनलाई यथार्थपरक, कार्यान्वयन योग्य, उत्पादनमूलक एवम् परिणाममुखी बनाइने, बजेट कार्यान्वयनमा प्रभावकारिताका लागि कार्यान्वयन कार्ययोजना लागू गर्नुका साथै नतिजामा आधारित अनुगमन मूल्याङ्कन प्रणालीलाई कार्यान्वयनमा ल्याईने,

ञ) आर्थिक रुपमा विपन्न, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत समुदाय एवम् युवालाई आयआर्जन र क्षमता अभिवृद्धिका कार्यक्रममा आवद्ध गरि स्वरोजगार बनाउन नवप्रवर्द्धनमा आधारित उधमशिलता कार्यक्रमलाई प्राथमिकता दिईने ,

ट) पालिकालाइ लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, ज्येष्ठ नागरिकमैत्री र लैङ्गिक हिंसामुक्त पालिकाको रुपमा विकास गर्न विभिन्न सरोकारवालाहरुको सहायता परिचालन सम्बन्धि गतिविधिमा जोड दिइने ,

ठ) सामाजिक क्षेत्रका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन ,दोहोरोपना न्यूनिकरण र सेवा प्रवाहमा एकरुपता कायम गर्न संघीय र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिने,

ड) सुशासनलाई समृद्ध नगरको आधारशिलाको रुपमा ग्रहण गर्दै भष्ट्राचारविरुद्ध शून्य सहनशिलता, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान र सामाजिक उन्नतीलाई अभियानका रुपमा अघि बढाइने ,

ढ) राष्ट्रिय भवन संहिताको अनिवार्य कार्यान्वयन गर्दै सबै नयाँ भवन निर्माणमा भूकम्प प्रतिरोधी, अग्नी सुरक्षा र आधुनिक पूर्वाधार मापदण्ड लागु गरिने, जेन-जी आन्दोलनबाट क्षति भएका संरचनाहरुको पुनर्निर्माणलाई प्राथमिकता दिइने,

ण) यस क्षेत्रका गौरवका रुपमा स्थापित तुलसीपुर बहुप्राविधिक शिक्षालय मेट्रो कलेज, तुलसीपुर भिमसेन मेट्रो अस्पताल ,तुलसीपुर बहुउद्देशिय व्यापारिक भवन ट्रेड टावर, औधौगिक ग्राम, मुख्य ऐतिहासिक, धार्मिक तथा पर्यटकिय क्षेत्रहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न प्राथमिकता दिइने,

त) विभिन्न प्रकारका अपाङ्गता, बौद्धिक अपाङ्गता र अटिजम भएका वालवालिका तथा व्यक्तिहरुका लागि आवश्यक कार्यक्रमहरु गर्न जोड दिइने ।

Tulsipur Sub-Metropolitan City

**अब, म आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि तय गरेका विषय क्षेत्रगत नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहान्छु ,**

# संस्थागत विकास तथा सुशासन विकास

## प्रशासन तथा जनशक्ति विकास

१. सेवा प्रवाहलाई प्रभावकारी र प्रविधिमैत्री बनाउन जनप्रतिनिधि र कर्मचारीहरुको कार्यक्षमता अभिवृद्धि गरिनेछ, राज्यको कानूनको परिधिमा रही सेवा प्रवाहलाई दुरुस्त बनाउन नागरिक सर्वेक्षणका आधारमा कर्मचारी अभिमूखीकरण गरिनेछ ,

२. भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताका लागि सदाचारयुक्त र भ्रष्टाचारमुक्त तुलसीपुर बनाउन "सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरण सम्वन्धी पञ्चवर्षिय कार्ययोजना निर्माण" गरी लागु गरिनेछ,

३. कर्मचारीहरुलाई व्यवसायिक, सिर्जनशील, उच्च मनोवलयुक्त र कार्यसम्पादनको स्तर वढाउन कर्मचारी प्रोत्साहनलाई थप प्रभावकारी बनाइनेछ,

४. सेवा प्रवाह तथा प्रशासन सुधारको लागि संघीय सरकार, प्रदेश सरकार संगको समन्वय र सहकार्यलाई थप सुदृढ बनाई वडास्तरमा आवश्यकता अनुसार "घुम्ती स्थानीय सरकार" कार्यक्रम सञ्चालन गरिनेछ ,

५. सेवा प्रवाहलाई छिटो, छरितो, सरल र सेवाग्राहीमैत्री बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गरि E- Governance लाइ पूर्ण रुपमा कार्यान्वयन गरिनेछ,

६. सेवा प्रवाहमा स्वचालित प्रणालीहरुको विकास गरी सेवा प्रवाहलाई थप प्रभावकारी वनाउन सेवा प्रवाहमा नवप्रवर्तन अभ्यासहरुको अध्ययन अनुसन्धान गरी प्रयोगमा ल्याईनेछ,

७. सार्वजनिक सुनुवाई तथा समिक्षा कार्यक्रम नियमित गरिनेछ, नियमित रुपमा नागरिक सन्तुष्टि सर्वेक्षण गरी राज्यद्वारा प्रवाह हुने सेवामा रहेका जनगुनासो र चासोको अध्ययन गरी जनगुनासो व्यवस्थापन प्रणाली र कार्ययोजना निर्माण गरिनेछ ,

८. सार्वजनिक अभिलेख प्रणालीलाई प्रविधि मैत्री बनाई सार्वजनिक सूचना प्रणालीमा जनताको सहज पहुँच हुने संयन्त्र निर्माण गरिनेछ,

९. नगरबासीसँग प्रत्यक्ष सरोकार राख्ने **हेलो जनता कार्यक्रम** सञ्चालन गरिनेछ ,

१०. नतिजामा आधारित कार्य सम्पादन प्रणालीलाई थप प्रभाकारी बनाउन कार्यसम्पादन करार गर्ने व्यवस्था कार्यान्वयन गरिनेछ ,

## राजस्व प्रशासन तथा आर्थिक प्रशासन

११. प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण करका दायरा विस्तार गर्दै कानून बमोजिम तोकिएका कर तथा गैर कर राजस्व, रोयल्टी विक्रि तथा निकासी र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकरी बनाइनेछ ,

१२. राजस्व प्रशासनलाई पूर्ण रूपमा प्रविधिमैत्री र पारदर्शी बनाउन करदाता पहिचान, करयोग्य सम्पत्ति निर्धारण, आम्दानी तथा वस्तु र सेवाको मूल्याङ्कन, कर निर्धारण, कर बिजक जारी, गुनासो व्यवस्थापन र कर भुक्तानी लगायतका समग्र राजस्व प्रशासन चक्र (Revenue Administration Cycle) मा वैज्ञानिक तथा डिजिटल प्रणाली अवलम्बन गरिनेछ,

१३. करदाता विवरण डिजिटल प्रणालीमा आवद्ध गर्दै प्रत्येक करदाताको कर तिर्ने दायित्वलाई एकिकृत गरी सबैलाई करको दायरामा ल्याई कर प्रशासन र कर संकलन कार्यमा खटिने कर्मचारीलाई जिम्मेवार बनाइनेछ,

१४. राजस्व नीति कार्यान्वयन गर्न  वार्षिक बजेट र कार्यक्रमलाई मार्गदर्शन गर्ने बजेटका सिद्धान्त र प्राथमिकता (Principles and Priorities) तथा स्रोत र साधनको परिचालनलाई थप पारदर्शी र व्यवस्थित बनाउन वस्तुगत विश्लेषणका आधारमा स्थानीय आर्थिक क्रियाकलाप बढाउने गरी बजेट विनियोजन गरिनेछ,

१५. संविधान तथा प्रचलित कानून अन्तर्गत स्थानीय तहलाई प्राप्त कर तथा गैरकर राजस्व अधिकारलाई व्यवस्थित गर्न कर तथा गैरकर राजस्व सम्बन्धी ऐन तथा आवश्यक कार्यान्वयन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ,

१६.सडक लगायतका भौतिक पूर्वाधार विकासको विद्यमान अवस्थालाई मुख्य आधार मानी करदाताहरूको वैज्ञानिक पुनःवर्गीकरण गरिनेछ र सोही बमोजिम समग्र राजस्व प्रशासन प्रणालीलाई समयसापेक्ष अद्यावधिक गरिनेछ,

१७.राजस्व भुक्तानी प्रणालीलाई सुरक्षित, पारदर्शी र प्रविधिमैत्री बनाउन "शून्य नगद कारोबार" (Zero Cash Handling) को नीति अवलम्बन गरिनेछ। यस अन्तर्गत विद्युतीय (अनलाइन) माध्यमबाट कर तथा दस्तुर भुक्तानी गर्ने र सबै वडा कार्यालयहरूबाट अनिवार्य रूपमा अनलाइन रसिद जारी हुने एकीकृत व्यवस्था मिलाइनेछ।

१८. राजस्व सुधारका लागि नीजि क्षेत्रहरु जस्तैः उद्योग बाणिज्य संघ, साना उद्योग तथा घरेलु महासंघ लगायतको समन्वय तथा सहकार्यका साथै सम्बन्धित विषयमा उच्च शिक्षा अध्ययन

गर्दै गरेका विद्यार्थीहरुको परिचालनमार्फत कर सङ्कलन, कर शिक्षा जस्ता कार्यलाई प्रभावकारी बनाइनेछ,

१९. बहाल करलाई व्यवस्थित गर्नका लागि तथ्यांक संकलन तथा व्यवसाय दर्ता तथा नविकरण गर्दा अनिवार्य रुपमा बहाल कर दाखिला गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ,

२०. कर संकलन तथा कर सचेतना कार्यमा कर कार्यालय, उद्योग व्यवसायी संघ संगठन तथा निजि क्षेत्रको सहकार्य र समन्वयमा फिल्ड अभियान मार्फत राजस्व संकलनलाई प्रभावकारी र उपलब्धिपूर्ण बनाइनेछ ,

२१. नदीजन्य पदार्थको उत्खनन् कार्यलाई नियमन र व्यवस्थापन, चोरी निकासी नियन्त्रणमा शुन्य सहनशिलता कायम गर्न ढुङ्गा, गिट्टी, वालुवा लगायत निर्माण सामग्रीको दिगो उपयोग पारदर्शी आपूर्ति र नियमन गरी अवैध उत्खनन तथा अनियमितता नियन्त्रण गरिनेछ,साथै नदिजन्य पदार्थको उत्खनन र निकासीका लागि रुट निर्धारण गरि क्षतिपूर्तिमा आधारित अतिरिक्त सडक संरक्षण शुल्क लागु गरिनेछ,

२२. अव्यवस्थित तथा कृषियोग्य जमिन प्लटिङ तथा निजि रुपमा घर जग्गा कारोवार व्यवसायलाई नियमन गरी यस सम्बन्धि कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ,साथै व्यवसायिलाइ अनिवार्य रुपमा दर्ता तथा सूचिकरण प्रक्रियामार्फत करको दायरामा समावेश गरिनेछ ,

२३. महिला, दलित, अपांगता भएका व्यक्ति, द्वन्द पिडित नयाँ व्यवसाय दर्ता गर्न आएमा २५ प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिइनेछ,

२४. राजश्व संकलनलाई करदाता मैत्री बनाउन साथै "**जनताको कर जनतालाई खबर**" नारालाई साकार तुल्याउन आवश्यक अध्ययन गरी सोही अनुसारको प्रणाली विकास गरिनेछ ,

२५. सम्पूर्ण व्यवसायलाई दर्ता गरी करको दायरामा ल्याउन घुम्ती व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ,

२६. राज्यलाई तिरेको कर कसरी जनताका लागि खर्च हुन्छ भन्ने स्थापित गर्न कर शिक्षा कार्यक्रम नियमित सञ्चालन गरिनेछ, कर छल्ने र झुटो विवरण पेश गर्ने करदातालाई कानून बमोजिम कारबाही गरिनेछ ,

२७. यस उपमहानगरपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको कार्यसंचालन नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानुन वमोजिम गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरिनेछ ,

२८. उपमहानगरपालिकाबाट हुने भुक्तानी प्रक्रियालाइ छिटो, छरितो, पारदर्शी र व्यवस्थित बनाउन नगदरहित (Cashless) तथा विद्युतिय भुक्तानी प्रणालीलाइ पूर्ण रुपमा ईलेक्ट्रोनिक फन्ड ट्रान्सफर (EFT प्रणाली मार्फत वित्तीय अनुशासन कायम गरिनेछ,

२९. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डहरु पुर्ण रुपमा कार्यान्वयन गरिनेछ,

३०. उपमहानगरपालिकाको बेरुजु फछ्यौंट गर्न बेरुजु फछ्यौंट सम्बन्धि कार्यविधि तयार गरि आ.व. २०८२/८३ सम्मको बेरुजु सम्परीक्षण गरी फछ्यौंट गरिनेछ र बेरुजु फछ्यौंटमा शुन्य सहनशिलता अपनाई पेश्की फछ्यौंट कार्यलाई अभियानको रूपमा अगाडी बढाई आर्थिक प्रशासनलाई पारदर्शी बनाइनेछ,

३१. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन शाखागत तथा वडा कार्यालयसंग नियमित समन्वय तथा प्रगती विश्लेषण गरि लक्ष्य अनुसार बजेट खर्च सुनिश्चित गरिनेछ,

३२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, आन्तरिक लेखा परीक्षण कार्यविधि तर्जुमा गरी लागु गरिनेछ , साथै पालिकाबाट सञ्चालन हुने कार्यक्रमहरूमा हुने खर्चमा एकरूपता ल्याउन कार्य सञ्चालन निर्देशिका जारी गरिनेछ,

३३. सार्वजनिक खर्चका मापदण्ड र मितव्ययिता कायम हुने नीति निर्माण गरी लागू गरिनेछ,

## योजना, बजेट अनुगमन तथा मूल्याङ्कन

३४. नेपालको संविधान, संघ तथा प्रदेशबाट जारी विद्यमान नीति तथा कानूनी व्यवस्था, विगतमा भएका योजनाहरुको कार्यान्वयनको समिक्षा वदलिदो विश्व परिवेशमा आधारित भई योजना तर्जुमा गरिनेछ साथै दिर्घकालिन रणनितिक योजना, आवधिक योजना, मध्यकालिन खर्च संरचना तथा दिगो विकासका लक्ष्य हासिल गर्न तादम्यता हुनेगरी योजना निर्माण तथा कार्यान्वयनमा ल्याइनेछ,

३५. योजना सञ्चालन कार्यलाई सहज, व्यवस्थित र गुणस्तरीय बनाउन उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमखिुकरण कार्यलाई निरन्तरता गरिनेछ,

३६. डिजिटल परियोजना बैङ्क निर्माण गरी आश्यकता अनुसार सम्भाव्यता अध्ययन (DPR), ड्रोइङ, डिजाइन, लागत अनुमान तयार गरि सोहि बमोजिमका स्वीकृत आयोजनाहरु समयमै सम्पन्न गर्न वार्षिक क्यालेण्डर अनुसार कार्यान्वयन गरिनेछ,

३७. सम्पादित क्रियाकलापहरुको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन **(Result-based Monitoring Evaluation)** गरिनेछ,

३८. नवप्रवर्तनमा आधारित युवा उद्यमशीलता, कृषि आधुनिकीकरण र सूचना प्रविधिमा आधारित नवीन योजनाका लागि विशेष बजेट व्यवस्था गरिनेछ,

३९. उपमहानगरपालिका भित्र रहेको पर्यटकीय क्षेत्र विकासमा निजी लगानी आकर्षित गर्ने स्वरुपका आयोजना निर्माण र कार्यान्वयनमा जोड दिइनेछ,

४०. उपमहानगरपालिका मार्फत सञ्चालन हुने आयोजनाहरुको गुणस्तर परीक्षणका लागि ल्याव स्थापना गरिनेछ , साथै आयोजनाहको लागत घटाउन, पारदर्शिता अभिवृद्धि गर्न र समयमै आयोजना सम्पन्न हुने सुनिश्चितताको लागि ई-बिडिङ (E-Bidding) लाई पुर्ण रुपमा कार्यान्वयन गरिनेछ,

४१. उपमहानगरमा रहेका विकास र समृद्धिमा लगाव राख्ने तथा विश्वविद्यालयका प्राज्ञिक व्यक्तित्वहरु र विभिन्न सेवा क्षेत्रमा ख्याती प्राप्त गरेका व्यक्तिहरुको Think Tank निर्माण गरी नगरको विकास र समुन्नतीका लागि वौद्धिक लागत लिने कार्यको सुरुवात गरिनेछ,

४२. योजना बैंकको अवधारणा अनुरुप वस्तीस्तरबाट संकलित योजनाहरुलाई योजना बैंकमा समावेश गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ, मध्यमकालिन खर्च संरचना (MTEF) को कार्यान्वयन मार्फत बहुवर्षिय योजनाहरुको लागि बजेटको सुनिश्चित गर्दै नगर तथा वडाको गौरवका योजनाहरुको निर्माण गरिनेछ,

४३. योजना संचालन गर्दा ६०-४० लागत सहभागितामा आयोजना सञ्चालन गर्न प्राथमिकता दिइनेछ,

४४. **एक वडा एक गौरवको योजना** घोषणा गरी कार्यान्वयन गरिनेछ, नगर क्षेत्रभित्रका कालोपत्रे सडक मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ,

४५.सं घीय सरकार, प्रदेश सरकार र अन्य गैरसरकारी संस्थाहरुसंगको साझेदारीमा सह लगानी र समपुरक पूर्वाधार सम्बन्धी आयोजना सञ्चालनलाई प्राथमिकता दिइनेछ,

४६. नगरभित्र सञ्चालन भई सम्पन्न भएका आयोजनाहरु सम्बन्धित उपभोक्ता समिति, टोल विकास समिति र वडा कार्यालयलाई आयोजना हस्तान्तरण गरी प्रमाण पत्र दिइनेछ, मर्मत सम्भार र रेखदेखको जिम्मेवारी दिइनेछ,

४७. योजना छनोट तथा कार्यान्वयन गर्दा एक भन्दा बढि वडा समेट्ने आयोजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ,

४८. पूर्वाधार निर्माण सम्बन्धी आयोजना तर्जुमा गर्दा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री र वातावरण मैत्री प्रावधानलाई समावेश गरि कार्यान्वयन गरिने छ,

## आन्तरिक व्यवस्थापन तथा खरिद

४९. **सही योजना, सही खरिद, सही व्यवस्थापन"** को नीति अनुरुप कार्यालयको आवश्यकता, बजेट तथा विकास प्राथमिकतालाई आधार मानी प्रचलित कानून बमोजिम **खरिद गुरु योजना (Procurement Master Plan)** तथा वार्षिक खरिद योजना तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ , सम्पूर्ण खरिद कार्यलाई योजनाबद्ध, समयबद्ध र पारदर्शी बनाइनेछ,

५०. सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, पारदर्शिता तथा उत्तरदायित्व सुनिश्चित गर्दै विद्युतीय खरिद प्रणाली (e-GP) को प्रभावकारी प्रयोग गरिनेछ , खरिद सम्बन्धी सूचना प्रकाशन, मूल्यांकन, सम्झौता तथा भुक्तानी प्रक्रियालाई कानुनसम्मत र व्यवस्थित बनाइनेछ,

५१. कार्यालयका सम्पूर्ण जिन्सी सामग्री, उपकरण तथा स्थायी सम्पत्तिको अभिलेखलाई Public Asset Management System (PAMS) मा अद्यावधिक गरी पूर्ण रूपमा कार्यान्वयन गरिनेछ , जिन्सी आम्दानी, खर्च, हस्तान्तरण, मर्मत, निरीक्षण, मिनाहा तथा लिलाम सम्बन्धी कार्यलाई PAMS प्रणालीमार्फत व्यवस्थित र पारदर्शी बनाइनेछ,

५२. कार्यालय सञ्चालनका लागि आवश्यक सामग्रीको माग, वितरण तथा उपयोगलाई आवश्यकता र प्राथमिकताका आधारमा व्यवस्थित गरिनेछ , प्रशासनिक खर्चमा मितव्ययिता अपनाई उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गरिनेछ,

५३. कार्यालयका सवारी साधन तथा उपकरणहरूको नियमित मर्मत, बीमा, नवीकरण तथा प्रयोग अभिलेखलाई व्यवस्थित गरिनेछ, साथै खरिद, जिन्सी व्यवस्थापन, PAMS, e-GP (पाम्स,इ-जिपि) तथा सुशासन सम्बन्धी तालिम तथा अभिमुखीकरणमार्फत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ,

## न्यायिक समिति तथा कानूनी मामिला

५४. **"विवाद समाधानमा, प्राथमिकता मेलमिलापमा"** भन्ने नाराका साथ स्थानीय तहको विवाद स्थानीय तहमा नै छलफल, आपसी समझदारी, वार्ता आदी तवरले, मेलमिलापको विधिबाट, न्यायका मान्य सिद्धान्तको अधिनमा रहेर समाधान गरी उपमहानगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, सक्षम, पहुँचयोग्य एवं विश्वसनीय बनाइनेछ,

५५. सबै वडा कार्यालयमा मेलमिलाप केन्द्र गठन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै समाधान गर्ने कानूनी प्रावधानलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ,

५६. न्याय सम्पादन प्रक्रियालाई ई-फाइलिङ र डिजिटल मुद्दा व्यवस्थापन प्रणाली विस्तार गरी प्रविधिमैत्री न्याय प्रणालीको विकास गरिनेछ,

५७. मुद्धा फछ्र्यौटलाई छिटोछरितो गर्न समयसीमामा आधारित सुनुवाई, वैकल्पिक विवाद समाधान (मध्यस्थता, मेलमिलाप) लाई प्रोत्साहन गरिनेछ,

५८. महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायको न्यायमा पहुँच सुनिश्चत गराउनका लागि वडास्तर तथा बस्तीस्तरमा कानूनी साक्षरता जस्ता सचेतनामुलक कार्यक्रमहरु गरिनेछ, गरिब तथा कमजोर वर्गलाई निःशुल्क कानूनी सहायता प्रदान गरिनेछ,

५९. वादी प्रतिवादीलाइ समयमै झिकाउन म्याद तामेलदारहरुको क्षमता अभिवृद्ध गर्दै प्रभावकारी रुपमा परिचालन गरिनेछ,

६०. न्याय प्रशासनलाई सुदृढ, उत्तरदायी, जवाफदेही र प्रभावकारी बनाउनका लागि नियमित रुपमा प्रतिवेदन सार्वजनिक गरिनेछ , विवादीत पक्षहरुको विवाद निरीक्षण तथा मेलमिलाप भइसकेपछि न्यायिक समितबाट नियमित निरीक्षण हुनेछ,

६१. सार्वजनिक निकायमा जवाफदेहिता र पारदर्शिता वृद्धि गर्नका लागि सूचना प्रविधिमार्फत सेवा प्रवाह गरिनेछ, कानूनी शासन, न्यायमा पहुँच, सुशासन र नागरिक अधिकारको संरक्षणलाई बलियो बनाईनेछ,

## भूमि व्यवस्थापन तथा नापनक्सा

६२. स्थानीय तह भूउपयोग योजना तयार गरी लागु गरिने र भूउपयोग क्षेत्र वर्गीकरणलाई कार्यान्वयनमा ल्याइनेछ,

६३. भूमि सम्बन्धी लगत संकलन, विश्लेषण र उपयोग नीति लिइनेछ ,भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित वसोवासीको पहिचान र अभिलेख व्यवस्थापन गरि जग्गाधनी प्रमाणपूर्जा प्राप्तीका लागि सहजिकरण गरिनेछ,

६४. जग्गाको खण्डीकरण नियन्त्रण तथा चकलाबन्दी गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ,साथै बाँझो जग्गाको उपयोग सम्बन्धी कार्यविधि बनाई लागु गरिनेछ,

६५. भूमि बैंक मार्फत जग्गाको उपयोग गर्न चाहने जग्गाधनीको लागि भूमि बैंक स्थापना र सञ्चालनको कार्य अघि बढाइनेछ,

६६. वैदेशिक रोजगारबाट फर्केका युवालाई भूमि बैंक मार्फत जग्गा उपलब्ध गराउने र कृषि कार्यकालागि प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ,

६७. नापनक्सा कार्यलाई आधुनिक, प्रविधिमैत्री बनाउन आवश्यक उपकरणहरुको प्रबन्ध तथा मर्मत संभारमा र जनशक्तिको क्षमता विकासमा जोड दिइनेछ,

६८. स्थानीय तहबाट भूमि व्यवस्थापन सम्बन्धी सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ,

## सूचना तथा सञ्चार प्रविधि

६९. सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोगमार्फत सुशासन, पारदर्शिता, जवाफदेहिता तथा नागरिकमैत्री सेवा प्रवाहलाई सुदृढ गर्दै “**डिजिटल तुलसीपुर, स्मार्ट तुलसीपुर**” अभियानलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ,

७०. उपमहानगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई क्रमशः डिजिटल माध्यमका रुपमा रूपान्तरण गर्दै राजस्व, सिफारिस, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, योजना व्यवस्थापन तथा गुनासो व्यवस्थापनलाई एकीकृत प्रणालीमार्फत सञ्चालन गरिनेछ, यसका लागि विद्यमान सफ्टवेयर प्रणालीको स्तरोन्नति, आवश्यक नयाँ डिजिटल प्रणाली विकास तथा वडा कार्यालयसम्म विस्तार गरिनेछ,

७१. सार्वजनिक सेवा केन्द्र, स्वास्थ्य संस्था, शैक्षिक संस्था तथा आवश्यकता अनुसार सार्वजनिक स्थलहरूमा सूचना प्रविधिको पहुँच विस्तार गर्दै नागरिकलाई सहज सेवा प्राप्त हुने वातावरण

निर्माण गरिनेछ, डिजिटल पहुँच विस्तारका लागि सार्वजनिक Wi-Fi, सूचना कियोस्क तथा प्रविधिमा आधारित सूचना प्रवाह प्रणाली सञ्चालन तथा विस्तार गरिनेछ,

७२. नगर क्षेत्रको सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन मुख्य चोक, सार्वजनिक स्थल तथा संवेदनशील क्षेत्रमा CCTV निगरानी प्रणालीको विस्तार तथा स्तरोन्नति गरिनेछ, जडान गरिएका CCTV प्रणालीको नियमित सञ्चालन, मर्मत तथा निगरानी व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ,

७३. उपमहानगरपालिका तथा वडा कार्यालयका प्रशासनिक, वित्तीय, योजना तथा सार्वजनिक महत्वका अभिलेखलाई क्रमशः डिजिटल अभिलेखीकरण गर्दै व्यवस्थित अभिलेख व्यवस्थापन प्रणाली लागू गरिनेछ, कागजात स्क्यानिङ, डिजिटल स्टोरेज तथा अभिलेख संरक्षणका लागि आवश्यक प्रणाली विकास तथा व्यवस्थापन गरिनेछ,

७४. सूचना प्रणाली तथा सरकारी डाटाको सुरक्षा सुनिश्चित गर्न साइबर सुरक्षा, नियमित ब्याकअप तथा डाटा संरक्षण प्रणालीलाई सुदृढ गरिनेछ, यसका लागि Firewall , Antivirus, Backup Storage, Access control तथा Disaster recovery सम्बन्धी आवश्यक प्रविधि तथा व्यवस्थापन गरिनेछ,

७५. नागरिकको सूचना पहुँच तथा सहभागिता अभिवृद्धि गर्न उपमहानगरपालिकाको वेबसाइट, सामाजिक सञ्जाल तथा डिजिटल सूचना प्रणालीलाई थप प्रभावकारी बनाइनेछ, सार्वजनिक सूचना, योजना, निर्णय तथा सेवा सम्बन्धी विवरण नियमित रूपमा अद्यावधिक गर्ने तथा गुनासो र सुझाव संकलनका लागि डिजिटल प्लेटफर्म सञ्चालन गरिनेछ,

७६. जनप्रतिनिधि, कर्मचारी तथा वडा तहका जनशक्तिको सूचना प्रविधि सम्बन्धी क्षमता विकासका लागि नियमित तालिम, अभिमुखीकरण तथा प्राविधिक सहायता कार्यक्रम सञ्चालन गरिनेछ, ई-गभर्नेन्स, कार्यालय स्वचालन, साइबर सुरक्षा तथा डिजिटल सेवा सञ्चालन सम्बन्धी क्षमता विकासलाई प्राथमिकता दिइनेछ,

७७. विद्यार्थी, महिला, युवा, उद्यमी तथा समुदायलाई लक्षित गरी डिजिटल साक्षरता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ, सुरक्षित इन्टरनेट प्रयोग, डिजिटल सेवा उपयोग, डिजिटल कारोबार तथा सूचना प्रविधिको व्यवहारिक प्रयोगबारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ,

७८. सामुदायिक विद्यालयहरूमा सूचना प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण निर्माण गर्न **ICT Lab,** कम्प्युटर उपकरण, इन्टरनेट सेवा तथा डिजिटल शिक्षण सामग्री विस्तार गरिनेछ,

विद्यार्थीहरूमा सूचना प्रविधि, नवप्रवर्तन प्रवर्द्धन गर्न आधारभूत कम्प्युटर शिक्षा तथा प्रविधिमैत्री सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ,

७९. स्थानीय उत्पादन तथा सेवाको प्रवर्द्धनका लागि सूचना प्रविधिमा आधारित डिजिटल बजारीकरणलाई प्राथमिकता दिइनेछ, महिला समूह, युवा उद्यमी तथा साना व्यवसायीलाई **Social Media Marketing, E-Commerce Platform तथा Digital Branding** सम्बन्धी तालिम तथा सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ,

८०. नगरको योजना निर्माण, भू-उपयोग व्यवस्थापन, सम्पत्ति अभिलेख तथा पूर्वाधार व्यवस्थापनलाई प्रभावकारी बनाउन GIS तथा डिजिटल नक्साङ्कन प्रणाली विस्तार गरिनेछ, डिजिटल डाटा संकलन, अद्यावधिक तथा योजना निर्माणमा प्रविधिको उपयोगलाई थप व्यवस्थित गरिनेछ,

८१. सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारका नीति, मापदण्ड तथा डिजिटल प्रणालीसँग तादात्म्य कायम गर्दै आवश्यक समन्वय र सहकार्य गरिनेछ, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने प्रविधि, प्रणाली तथा क्षमता विकास कार्यक्रमलाई स्थानीय तहमा प्रभावकारी कार्यान्वयन गरिनेछ,

८२. सूचना तथा सञ्चार प्रविधिमा आधारित नवप्रवर्तन, स्मार्ट सेवा प्रवाह तथा संस्थागत सुधारलाई प्रवर्द्धन गर्दै डिजिटल माध्यममार्फत प्रभावकारी सार्वजनिक सेवा, आर्थिक क्रियाकलाप तथा समावेशी विकासलाई थप सुदृढ गरिनेछ, यसका लागि आवश्यक अध्ययन, परीक्षण तथा नवीन प्रविधि विस्तार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ,

८३. जनहितका सूचना, जनचेतनामूलक सन्देश तथा विकासका गतिविधिहरु, लोक कल्याणकारी विज्ञापनलाई प्रभावकारी रुपमा प्रचार प्रसार गर्नुका साथै अनलाइन एवं छापा पत्रकारीताको विकासलाई प्राथमिकताका साथ स्थानीय पत्रकाहरुलाई प्रोत्साहन गरिनेछ,

८४. सूचना प्रविधिको प्रयोग गरी स्थानीय सरकारसँग सम्बद्ध सबै सूचना र तथ्याङ्कको व्यवस्थापन गर्न एक साधन सम्पन्न तथ्याङ्क तथा सूचना इकाई निर्माण गरिनेछ,

८५. उपमहानगरपालिकाका नीति, कार्यक्रम, विकास निर्माण तथा सेवा प्रवाहलाई नागरिकसम्म तथ्यपरक र प्रभावकारी रुपमा पुर्याउनका लागि सरकारी, सामुदायिक तथा निजि सञ्चार माध्यमहरुसंगको सहकार्यलाई थप सुदृढ बनाइनेछ,

८६. सबै प्रकारका सूचनाहरू अध्यावधिक हुने स्वचालित अभिलेखाङ्कन प्रणाली तयार पारिनेछ,

# पूर्वाधार विकास

## सडक, पुल तथा यातायात

८७.नगरको दीर्घकालीन सडक गुरुयोजना (Road Master Plan) को आधारमा सडक निर्माण, स्तरोन्नति तथा विस्तार गरिनेछ, साथै बजार क्षेत्रभित्रका सडकहरुको DPR अनुसारको Smart Road निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ,

८८. पूर्वाधार निर्माण गर्दा उत्पादन तथा उत्पादकत्व वृद्धि हुने,रोजगारी सृजना हुने, गरिवी निवारणमा टेवा पुग्ने, वातावरणमैत्री, जलवायु अनुकुलन, ग्रामिण सडकहरुमा Green road concept , विपद् व्यवस्थापनमा क्षेत्रगत नीतिसंग सामञ्जस्यता, अन्तरतह, अन्तरनिकाय समन्वय र सहकार्य अभिवृद्धि हुने, दिगो विकास तथा समावेशी विकासमा जोड दिइनेछ,

८९. सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रीकरणमा जोड दिइनेछ ,साथै प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले सडक तथा यातायातमा हुन सक्ने असर तथा नोक्सानीलाई न्यूनीकरण गरिनेछ,

९०. नगर क्षेत्रभित्र निर्माण गरिएका सडकमा सडकको क्षमता भन्दा बढी माल समान बोक्ने मालवाहक सवारीसाधनलाई जरिवानाको दायरामा ल्याइ सडक सुरक्षा र दिगोपनामा सहयोग पुर्याइनेछ,

९१. नगर क्षेत्रभित्र निर्माण हुने सडकहरू मध्ये २० प्रतिशत सडकहरूमा बायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरी निर्माण गर्न सम्भावना अध्ययन गरिनेछ, मुख्य राजमार्गसंग जोडिएका सडक ८ मीटर र भित्री सडक ६ मीटर चौडाइको मापदण्ड बमोजिम मात्र निर्माण गर्नका लागि प्राथमिकता दिइनेछ,

९२. नगरभित्रका सबै वडा तथा बस्तीहरूलाई सर्वकालीन सडक पहुँचसँग जोड्ने तथा सडकहरुलाई व्यवस्थित र दिगो राख्नको लागि Asphalt Concrete कालोपत्रेलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ, पालिका भित्रका ८ मि. भन्दा चौडाई भएका सडकहरूको प्राथमिकताका आधारमा मर्मत, स्तरोन्नति **Overlay** गर्दै लगिनेछ,

९३. एक पटक कालोपत्रे भएको सडक कम्तीमा २ वर्ष सम्म खन्न नपाउने प्रावधान लागू गरिनेछ साथै सडक पक्की गर्दा वा ढलान गर्दा निश्चित प्रतिशत भागबाट **Ground Water Recharge** हुने अनिवार्य मापदण्ड लागू गरिनेछ,

९४. सघन शहरी इलाकाहरुमा **बहुस्तरीय/ठाडो पार्किङ (Vertical Parking)** को प्रबन्ध गर्न सम्भाव्यता अध्ययन पश्चात DPR निर्माण गरिनेछ ,र कालोपत्रे गर्ने कार्यपूर्व गर्नुपर्ने सम्पूर्ण काम सम्पन्न भएपछि मात्र गर्ने गरी अनिवार्य प्रावधान लागू गरी कार्यान्वयन गरिनेछ,

९५. *"हाम्रो शहर सुन्दर नगर"* वनाउन नगरका मुख्य सडकहरूमा नाली, सडक बत्ती, हरियाली प्रवर्द्धन तथा सौन्दर्यीकरण (Beautification) कार्यक्रम एकीकृत रूपमा सञ्चालन गरिनेछ,साथै अपाङ्ग मैत्री सडक पूर्वाधार निर्माणमा जोड दिइनेछ,

९६. विद्यालय, स्वास्थ्य संस्था, धार्मिक तथा पर्यटकीय क्षेत्र जोड्ने सडकलाई प्राथमिकताका साथ निर्माण तथा स्तरोन्नति गरिनेछ, साथै पालिकाभित्र तथा पालिकाको सडक संजालसंग जोडिएका सिमानाका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा बाह्रै महिना संचालन हुन सक्ने गरी सडक संजालको स्तरोन्नती र विस्तार गरिनेछ,

९७. सडक सुरक्षालाई प्रभावकारी बनाउन र बढ्दो सवारी दुर्घटनालाइ न्यूनीकरण गर्न ट्राफिक संकेत, जेब्रा क्रसिङ, स्पिड ब्रेकर, सडक बत्ती तथा अन्य सुरक्षा पूर्वाधार निर्माण गरिनेछ,साथै मुख्य चोकहरुमा फ्लाइ ओभर पास (Fly Over Pass) का लागि आकाशे पुल निर्माण, मुख्य बजारका सडकको बिचबाट Cemented Road Divider निर्माण गरि सवारी आवागमनलाइ दुइतर्फि बनाइनेछ,

९८. पैदलयात्री तथा साइकलमैत्री नगर निर्माणका लागि आवश्यकता अनुसार रेलिङ सहितको फुटपाथ तथा साइकल लेन निर्माण, रोड मार्किङ (Road Marking), डिजिटल सूचना पाटी (Digital Information Board)र रात्रीकालिन आवागमनका लागि हाइ मास्ट लाइट (High Mast Light ) जडान तथा व्यवस्थापन गरिनेछ,

९९. सडक अतिक्रमण नियन्त्रण अभियान सञ्चालन गरी सार्वजनिक सडक क्षेत्रको संरक्षण गरिनेछ, छिमेकी पालिकाको तथा निजि क्षेत्रको साझेदारीमा अन्तरपालिका चक्रपथ निर्माण तथा बिधुतिय नगरबस संचालनको अवधारणा अगाडि बढाइने लागु गरिनेछ,

१००. सडक निर्माणमा दिगोपना तथा उथ्थानशीलता कायम गर्न सडक सुरक्षा सडक तथा पुलको स्तरोन्नती नियमित मर्मत संभार र गुणस्तर अभिवृद्धि गरिनेछ ,पूर्वाधारहरुको गुणस्तर सुनिश्चित गर्न प्राविधिक अनुगमन तथा प्रत्यक्ष निगरानी, परीक्षण तथा सामाजिक परीक्षण प्रणालीलाई सुदृढीकरण गर्नुका साथै दक्ष जनशक्ति सहितको पालिकाको आफ्नै प्रयोगशाला निर्माण गरिनेछ,

१०१. सडक क्षति न्यूनीकरण गर्न उचित जलनिकास, ढलनिकास नाला तथा कटान नियन्त्रणका आवश्यक योजना सञ्चालन गरिनेछ, प्रदेशको नीतिमा समावेश भएको झोलुङ्गे पुल निर्माण कार्यलाई प्रदेशको प्राविधिक सहयोगमा प्राथमिकताका साथ अगाडि बढाइनेछ ,

१०२. बजार क्षेत्रमा सवारी चाप तथा दुर्घटना न्युनीकरणका लागि भित्री चक्रपथको स्तर उन्नती गरी Heavy सवारी-साधनलाई Bypass को व्यवस्था गरिने छ,

१०३. संघ, प्रदेश तथा विकास साझेदार संस्थासँगको समन्वयमा रणनीतिक महत्वका सडक आयोजनाहरू सञ्चालन गरिनेछ र नगर गौरवका सडक आयोजनाहरूको पहिचान गरी

बहुवर्षीय आयोजनामार्फत स्थानीय सरकारले निर्माण सम्पन्न गर्ने तथा गरेका पूर्वाधारमा पालिकाको छुट्टै पहिचान झल्किने व्यवस्था मिलाइनेछ,

१०४. नगरभित्रको सार्वजनिक यातायात व्यवस्थापनलाई व्यवस्थित गर्न बसपार्क, बस स्टप तथा यात्रु प्रतिक्षालय निर्माण तथा व्यवस्थापन र पर्यटकीय क्षेत्र पहिचानका लागि मुख्य चोकहरुमा Digital Notice Board स्थापना गरिनेछ,

१०५. निर्माणाधिन अवस्थामा रहेका सडक तथा नाला, पुल र कल्भर्टका आयोजना समयमा समपन्न, विपद् जोखिमयुक्त सडक तथा पुलहरूको पहिचान गरी पुनर्निर्माण, संरक्षण तथा जोखिम न्यूनीकरणका आयोजना संचालन गर्नुका साथै अति आवश्यक भएका सवारी तथा जनताको आवागमन हुने नदि खोला तथा खहरे सोताहरुमा पुल लगाएतका पूर्वाधार निर्माण गरिनेछ ,

## भवन निर्माण तथा मापदण्ड

१०६. सुरक्षित, व्यवस्थित, गुणस्तरीय, भूकम्प प्रतिरोधी तथा स्थानीय मौलिक पहिचानयुक्त भवन निर्माणलाई प्रवर्द्धन गर्न भवन निर्माण तथा मापदण्ड कार्यान्वयन प्रणालीलाई प्रविधिमैत्री, पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ,

१०७. नक्शा पास प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाई डिजिटाइजेसन (Digitization )तथा Mobile App को रुपमा विकास गरिनेछ , साथै नयाँ तथा पुराना घरहरुमा अग्निनियन्त्रक (Fire Extinguisher) राख्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ,

१०८. भवन निर्माणको गुणस्तर अभिवृद्धि गर्न **Graded Compliance Certificate** प्रणाली लागू गरी न्यूनतम मापदण्ड पूरा गर्ने भवनका साथै उच्च गुणस्तर, वातावरणमैत्री तथा उत्कृष्ट डिजाइनयुक्त भवनलाई विशेष वर्गीकरण र प्रोत्साहन प्रदान गरिनेछ,

१०९. भवन निर्माण संग सम्बन्धित फाइलको अवस्था वास्तविक समयमा अनलाइनमार्फत हेर्न सक्ने व्यवस्था मिलाउन भवन नक्सा दर्ता, दस्तुर भुक्तानी, प्राविधिक टिप्पणी, स्वीकृति तथा प्रमाणपत्र वितरण लगायत सम्पूर्ण प्रक्रिया समेटिएको **पूर्ण डिजिटल भवन अनुमति प्रणाली** कार्यान्वयन गरिनेछ,

११०. भवन निर्माण अनुमति प्रक्रियालाई छिटो, पारदर्शी र उत्तरदायी बनाउन **सेवा स्तर सम्झौता (Service Level Agreement-SLA)** लागू गरी प्रत्येक चरणको अधिकतम कार्यसमय निर्धारण गरिनेछ, निर्धारित समयभित्र निर्णय हुन नसकेमा कारणसहित स्वतः सूचना प्रदान गर्ने व्यवस्था मिलाइनेछ,

१११. भवनको प्रकृति, आकार र जोखिमको आधारमा **जोखिम-आधारित निरीक्षण प्रणाली** लागू गरिनेछ, साना तथा न्यून जोखिमयुक्त भवनमा सरलीकृत निरीक्षण र ठूला, बहुतला तथा सार्वजनिक भवनमा नियमित निरीक्षणको व्यवस्था गरिनेछ,

११२. भवन निर्माणको गुणस्तर अभिवृद्धि तथा प्राविधिक उत्तरदायित्व सुनिश्चित गर्न निश्चित प्रकृतिका भवनमा इजाजतप्राप्त इन्जिनियर वा आर्किटेक्टबाट **तेस्रो पक्ष प्राविधिक प्रमाणीकरण** अनिवार्य गरिनेछ,

११३. भवन निर्माणसम्बन्धी सबै कानुनी तथा प्राविधिक प्रावधानलाई सरलीकरण गरी **एकीकृत भवन मापदण्ड चेकलिस्ट** तयार गरी कार्यान्वयनमा ल्याइनेछ ,साथै सुरक्षित नागरिक आवास कार्यक्रम लाई निरन्तरता दिइनेछ,

११४. भवन निर्माणका विभिन्न चरणहरूमा गुणस्तर सुनिश्चित गर्न जग, प्लिन्थ, संरचनागत निर्माण तथा निर्माण सम्पन्नता चरणमा **अनिवार्य चरणगत निरीक्षण प्रणाली** लागू गरिनेछ, प्रत्येक निरीक्षणको डिजिटल अभिलेख राख्ने व्यवस्था मिलाइनेछ,

११५. नयाँ भवन संहिता, भूकम्प प्रतिरोधी निर्माण तथा डिजिटल प्रणालीसम्बन्धी ज्ञान अद्यावधिक, संस्थागत जनशक्ति तथा निर्माण व्यवसायीहरूको क्षमता अभिवृद्धिका कार्यक्रमलाई प्राथमिकता दिइनेछ,

११६. भवन अनुमति, प्राविधिक परामर्श, निरीक्षण तथा प्रमाणपत्र वितरण लगायतका सेवाहरूलाई एकीकृत गरी **"एकद्वार भवन सेवा केन्द्र (One-Stop Service Center)"** मार्फत सेवा प्रवाह गरिनेछ,

११७. वातावरणीय सन्तुलन, सांस्कृतिक संरक्षण तथा हरित नगर प्रवर्द्धन गर्ने उद्देश्यले तुलसीपुर उपमहानगरपालिकाभित्र निर्माण हुने प्रत्येक नयाँ आवासीय भवनले न्यूनतम एक तुलसी बिरुवा वा सो सरहको स्थानीय धार्मिक, सांस्कृतिक वा औषधीय महत्वको वनस्पति रोपण तथा संरक्षण गर्नुपर्ने व्यवस्था लागू गरिनेछ, निर्माण सम्पन्नता निरीक्षणका क्रममा यसको अनुगमन गरिनेछ,

११८. स्थानीय मौलिकता, इतिहास र सांस्कृतिक पहिचान संरक्षण गर्न **"तुलसीपुर पहिचान भवन निर्देशिका"** तयार गरी भवन अनुमति प्रक्रियासँग आबद्ध गरिनेछ, भवन निर्माणकर्तालाई दाङको ऐतिहासिक, सांस्कृतिक तथा स्थानीय वास्तुकलालाई झल्काउने नमूना डिजाइनहरूको पुस्तिका उपलब्ध गराइनेछ,

११९. नगरको सांस्कृतिक पहिचानलाई सुदृढ गर्न निश्चित क्षेत्र तथा भवनहरूमा स्थानीय वास्तुकला झल्किने **मुखभाग (Façade) विकास नीति** लागू गरिनेछ, भवनको अगाडिको भागमा दाङको स्थानीय शैली, संस्कृति तथा परम्परागत डिजाइनका तत्व समावेश गर्न प्रोत्साहन गरिनेछ,

१२०. विभिन्न समुदायको कला, संस्कृति तथा परम्परागत ज्ञानको संरक्षण र प्रवर्द्धन गर्न सार्वजनिक भवन, पर्यटकीय क्षेत्र तथा तोकिएका विशेष क्षेत्रका भवनहरूमा कला, भित्तेचित्र तथा सजावटी आकृतिको प्रयोगलाई प्रोत्साहन गरिनेछ, आवश्यकता अनुसार विशेष क्षेत्रमा यस्तो व्यवस्था अनिवार्य समेत गरिनेछ,

१२१. सुरक्षित घरका लागि नयाँ बन्ने घरहरूलाई नक्सापासको मापदण्ड भित्र ल्याइनेछ, बनिसकेका भवनहरुलाई प्रबलीकरण गरि तला थपको निर्माणको प्रचलित मापदण्ड अनुरुप अनुमती दिने व्यवस्था मिलाइनेछ,

१२२. नयाँ निर्माण, मर्मत वा प्रबलीकरण हुने भवनहरूमा उर्जा खपत कम गरी, भवनलाई उर्जा प्रभावकारी बनाउने प्रयोजन र जलवायू अनुकुल डिजाइनलाई प्रोत्साहन गर्नका लागि भवन मापदण्डमा आवश्यक सुधार वा परिमार्जन गरी नक्सापास प्रक्रियामा नियमन गर्ने व्यवस्था लागू गरिनेछ ,

## बस्ति बिकास तथा अन्य पूर्वाधार

१२३. शहरी सौन्दर्यता कायम गर्न प्रत्येक वडाका चलायमान क्षेत्रहरू समेटेर शहरी सडक सौन्दर्यीकरण (Urban Street Beautification )तथा सडक पक्की संरचना डिजाइन (Pavement design) गरी सबै वडामा नमूना शहरी सुन्दर इलाका घोषणा गर्न DPR सम्पन्न गरिनेछ,

१२४. उपमहानगरपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक संरचना जस्तै पाटी-पौवा, मठ मन्दिर, चोक, पोखरी, मस्जिद, किरिया पुत्री भवन, समाधिस्थल, घाट, कब्रस्थान, विद्यालय, स्वास्थ्य संस्था, गुठी भवन, पुस्तकालय, पार्क, पालिकाको स्वामित्वका भवनहरू, सभाहल लगायतको पूर्ण अभिलेख तयार पारी Digitize समेत गरी प्रकाशन गरिनेछ ,

१२५. शहरी तथा ग्रामिण क्षेत्रका सबै टोलहरुको साझेदारीमा सडक बत्ती जडान गरी **उज्यालो तुलसीपुर अभियान** लाई तिब्रता दिईनेछ साथै विद्युतको पहुँच नपुगेका क्षेत्रमा बिद्युत लाइन बिस्तार र बैकल्पिक उर्जा लाई प्रबर्धन गरिनेछ,

१२६. समग्र एकिकृत शहरी विकास गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ साथै दिगो र एकीकृत आवास निर्माणका लागि वडास्तरमा उपयुक्त स्थानहरू पहिचान गरी आवास क्षेत्र विकास गरिनेछ,

१२७. भू-उपयोग नीति अनुरुप उप-महानगरपालिकाको बस्ती विकास तथा योजना निर्माण गरिनेछ साथै सार्वजनिक निजी साझेदारी मोडल अनुसार व्यापारिक तथा व्यवसायिक भवनहरूको निर्माण तथा व्यवस्थापन सम्बन्धी सम्भाव्यता अध्ययन गरिनेछ,

१२८. प्लटिङ गरि वस्ति विस्तार तथा विकास गरिएका आवासीय क्षेत्रमा विकास निर्माणका आयोजना संचालन गर्दा ६०/४० को अवधारणमा अनुसार मात्र व्यवस्था मिलाइनेछ,

१२९. तुलसीपुरलाई भौतिक पूर्वाधारले सम्पन्न नगर बनाउन सडक, विद्युत, स्वच्छ पिउने पानि, अस्पताल शैक्षिक संस्था, स्वास्थ्य केन्द्र, यातायात , बजार ब्यबस्थापन, रंगशाला, सभागृह, सिँचाई, नहर जस्ता दिगो पूर्वाधारका संरचनाहरु निर्माण गरिनेछ ,

१३०. सार्वजनिक स्थलमा शौचालयको व्यबस्थापन गरी नगर स्वच्छता कायम गरिनेछ ,

१३१. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छानो मुक्त गरी सुरक्षित बसोबासको ब्यबस्था गरिनेछ,

१३२. नगरक्षेत्र भित्र विभिन्न स्थानमा रहेका सवदाहस्थललाई विद्युतीय शवदाह गृहमा रुपान्तरण गर्न निर्माणको योजना बनाइनेछ,

## वन वातावरण तथा विपद् व्यवस्थापन

### वन वातावरण विपद् तथा हरियाली प्रवर्धन

१३३. तुलसीपुर उपमहानगरपालिकाको बजार क्षेत्रलाई वातावरण मैत्री र हरियाली शहरका रुपमा विकास गर्न बजार क्षेत्रका ग्रिन बेल्टलाई मर्मत सम्भार र रंगरोगन साथै वृक्षारोपण कार्यलाई निरन्तरता दिईनेछ,

१३४. आगलागीको जोखिमलाई न्यूनिकरण गर्नका लागी सामुदायीक वन महासंघ, सामुदायीक वन र डिभिजन वन कार्यालयहरुको सहकार्यमा आवश्यक उपकरण सहित सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ,

१३५. तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रका सामुदायीक वन, निजी वन र धार्मिक वनहरुको सूचिकरण तथा अध्यावधिक गरी वनमा आधारित उद्यमशिलता कार्यक्रम सञ्चालन गरिनेछ,

१३६. नगर क्षेत्र भित्रका सार्वजनिक जग्गा, नदि/खोला किनारा, सरकारी कार्यालय र बजारको सडक किनारामा वृक्षारोपन कार्यलाई निरन्तरता दिई **"रुख रोपौ वातावरण जोगाऔ, नगरलाई हरियाली बनाऔ"** अभियान लाई प्राथमिकता दिईनेछ,

१३७. सार्वजनिक स्थानमा चौतारी निर्माण गरि **"जहाँ छहारी त्यहाँ चौतारी"** को अभियानलाई निरन्तरता दिईनेछ,

१३८. **"बचाऔ मुहान जोगाउ जिवन"** अवधारणालाई साकार पार्न तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र रहेका पानीको मुहान संरक्षणका लागी सिमसार क्षेत्र, जलासय, प्राकृतिक पोखरी,

झरना ताल/तलैया लाई संरक्षण गरि कृतिम जलासय पोखरी निर्माण लाई समेत प्राथमिकता दिईनेछ,

१३९. वन जंगलमा हुने काठ दाउरा चोरी निकासी नियन्त्रण गर्न वन संरक्षण गरि वातावरण प्रदुषण नियन्त्रण जलवायु अनुकुलनका लागी घरायसी वायोग्याँस, विद्युतिय चुलो र सुधारिएको चुलो वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ,

१४०. नगर क्षेत्रभित्र रहेका नदि, खोला बाट बर्षेनी खेतियोग्य जमिन कटान हुन बाट रोक्न वृक्षारोपन कार्य लाई निरन्तरता दिईनेछ,

१४१. शहरको वातावरण प्रदुषणलाई रोक्न ४० माईक्रोन भन्दा पातलो प्लाष्टिक झोलाको आयात, विक्रि वितरण र दैनिक कामकाजको रुपमा प्रयोगलाई निरुत्साही गरि सो को सट्टा वातावरण मैत्री कपडा, जुट र कागजका झोला प्रयोग लाई प्राथमिकता दिईनेछ,

१४२. तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्रका वनहरु लाई आय-आर्जनमुखी बनाउनका लागि पर्यापर्यटनका कार्यक्रम सञ्चालनमा जोड दिईनेछ,

१४३. उच्च जोखिम क्षेत्रहरूको नक्शाङ्कन गरी विपद्को प्रकृति अनुसार खतरा संकेतहरू राखिनेछ र अति जोखिममा रहेका बस्ती तथा परिवारलाई क्रमशः सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ,

१४४. बाढी, मौसम लगायतको पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको, विपत् पूर्व प्रतिकार्यलाई प्रभावकारी ढंगले संचालन गरिनेछ, साथै एकिकृत सूचना प्रणाली Bipad Portal लाई व्यवस्थित गरी आपतकालिन सूचना संयन्त्रको निर्माण तथा पूर्व सूचना प्रणालीको सुदृढिकरण गरिनेछ,

१४५. विपद् पूर्व संकेत दिने थप उपकरणहरू प्रकोप सम्भाव्य स्थलहरूमा क्रमशः जडान गरिनेछ र नियमित रुपमा भइरहने प्राकृतिक प्रकोपको अध्ययन गरी प्रकोप पात्रो तयार गरिनेछ,

१४६. विपद् सम्बन्धी पूर्वसूचना स्थानीय रेडियो तथा अन्य सञ्चार माध्यम मार्फत सम्प्रेषण गरिनेछ,

१४७. विपद् सम्भावित क्षेत्रका प्रत्येक नागरिकको अनिवार्य बिमा योजना लागु गरिनेछ र अति विपन्न परिवारको बिमा पालिकाले गरिदिनेछ,

१४८. विपद्को बेला पिउने पानी, खाद्यान्न, औषधी उपचार आदिको पूर्वतयारी गर्न विपद् द्रुत प्रतिकार केन्द्र (Disaster Rapid Response Center DRR) को समन्वयमा आवश्यक स्थानहरूमा Sub Center को निर्माण गरिनेछ,

१४९. विपद्का समयमा उद्दार गर्न आवश्यक स्थलहरुको पहिचान गरि अस्थाइ आश्रय तथा व्यवस्थापन केन्द्र (Holding center) का लागि खुल्ला स्थानहरू तय गरी पूर्वाधार निर्माण गरिनेछ,

१५०. स्थानीय आपत्कालिन सञ्चालन केन्द्र (MEOC) को क्षमता अभिवृद्धि गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ,

१५१. विपद्का समयमा स्वास्थ्यकर्मीहरू सम्मिलित पालिकास्तरीय संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली (Epidemic Rapid Response Team) गठन गरिनेछ,

१५२. विपद् जोखिम व्यवस्थापनका लागि नीतिगत एवं संस्थागत निर्माण तथा सुदृढिकरण कार्यलाई निरन्तरता दिईने नीति अवलम्वन गरिने छ,

१५३. वातावरणमैत्री स्थानीय शासनका पूर्वाधार निर्माण गरी वातावरमैत्री टोल, वडा/ नगर वनाउने नीति तथा कार्यको थालनी गरिनेछ र साथै वातावरणीय प्रदुषण नियन्त्रण कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गरिनेछ,

१५४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन  र विपद् प्रतिकार्य पूर्वअभ्यास तथा क्षमता विकासकाका लागि सार्वजनिक, नीजि, गैरसरकारी, सहकारी, छिमेकी पालिकाहरु, स्थानीय संघसंस्था, स्वयंसेवक,युवा क्लव तथा नगर प्रहरी र समुदाय वीच साझेदारी एवं सहकार्यलाई प्रवर्द्धन गरिनेछ ,साथै यसका लागि Scout  तथा Red Cross लगायतका संघ संस्थासँग पनि समन्वय गरिनेछ ,

१५५. तुलसीपुर उपमहानगरपालिकाको विपद् जोखिम न्यूनिकरण नीति २०२० विपद जोखिम न्यूनीकरण कार्ययोजना २०२०-२०३० जोखिम संवेदनशिल भू-उपयोग योजनाले निदृष्ट गरे वमोजिमका नीति तथा कार्य योजनाहरुको कार्यान्वयन गरिनेछ,

१५६. आगलागी जोखिम न्यूनीकरणका लागि नीजि क्षेत्र, सामुदायिक वनहरुको सहकार्यमा आवश्यक उपकरणहरुको जानकारी सहित सचेतनामूलक कार्यक्रमहरु गरिनेछ,

१५७. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, खोज तथा उद्धार, प्रतिकार्य राहत, पुनर्लाभ जस्ता कार्यलाई सहज तुल्याउन विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ,साथै विपद् प्रतिकार्य योजनालाई प्रभावकारी तुल्याउन सवै वडा, विद्यालय, टोल स्तरसम्म तर्जुमा गरी कार्यान्वयन गरिनेछ,

१५८. खेतीयोग्य जमिन पानीका मुहान वनजंगल तथा हरियाली क्षेत्र  प्राकृतिक स्रोतसाधन तथा सम्पत्ती संरक्षण गर्न तटबन्ध तथा पूर्वाधार सम्वन्धी आयोजना सञ्चालन गरी प्रकोप नियन्त्रण गरिनेछ,

# सामाजिक विकास

## लैङ्गिक समानता, समावेशीकरण, सामाजिक न्याय र मानव अधिकार

१५९. महिलाहरुलाई आर्थिक गतिविधिमा संलग्न गराई कूल ग्राहस्थ उत्पादनमा महिलाको योगदानलाई गणना योग्य बनाईनेछ,

१६०. कार्यविधि निर्माण गरि स्मार्ट छोरी कार्यक्रमलाई ब्यवस्थित रुपमा लागु गरिनेछ,

१६१. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति अबलम्बन गर्दै महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, सामाजिक विभेद, शोषण कुरीती, कुसंस्कार न्यूनीकरणका लागि अन्य सरोकारवालाहरुको सहकार्यमा सामाजिक जागरण र सचेतना बृद्धि गरिनेछ,

१६२. दलित समुदायको ज्ञान सिपलाई संरक्षण र प्रवर्द्धन गर्दै समाजमा रहेको जातीय विभेद विरुद्ध शुन्य सहनशिलता कायम गरि छुवाछुतमुक्त समाज निर्माण गर्न प्राथिमिकता दिइनेछ,

१६३. उपमहानगरपालिकाको नीति निर्माण, निर्णय प्रक्रिया तथा समग्र विकास प्रक्रियामा लक्षित वर्गको सशक्तिकरण र अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिनेछ,

१६४. उपमहानगरपालिकाबाट उपलब्ध स्रोत साधन र समग्र विकास प्रक्रियाको लाभ वितरणमा लक्षित वर्गको समतामूलक र न्यायोचित अवसर सुनिश्चित गरिनेछ,

१६५. संरक्षक विहिन, असहाय, अशक्त, अनाथ, विपन्न, बेवारिसे बालबालिकाहरु तथा ज्येष्ठ नागरिकहरुको संरक्षण तथा विशेष सुरक्षा प्रदान गर्न सरकारी र गैरसरकारी क्षेत्रको समन्वयमा बालसंरक्षण गृह र ज्येष्ठ नागरिक आवासको  व्यवस्था गरिनेछ,

१६६. उपमहानगरपालिकालाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा ज्येष्ठ नागरिकमैत्री नगर विकास गर्न आवश्यक व्यवस्था मिलाईनेछ,

१६७. लैङ्गिक हिंसा प्रभावित महिला तथा बालिकाहरुको लागि उपमेयर अल्पकालीन महिला सुरक्षा आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ,

१६८. "अपाङ्गता स्रोत केन्द्र" स्थापना तथा अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्री बितरण गरी अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापन सहज बनाइनेछ र पहुँचयुक्त पुर्वाधार विकासमा जोड दिईनेछ,

१६९. दलित र विपन्न परिवारको व्यक्तिहरुलाई सरकारी सेवामा आकर्षण बृद्धि गर्नका लागि आवश्यक व्यवस्था मिलाईनेछ,

१७०. "ज्येष्ठ नागरिकहरुको सम्मान तुलसीपुरको स्वाभिमान" भन्ने नारालाई सार्थकता दिन **मेयर कोसेली कार्यक्रम**लाई निरन्तरता दिईनेछ,

१७१. ज्येष्ठ नागरिकहरुको ज्ञान, सिप र अनुभवहरुलाई अन्य पुस्तासम्म हस्तान्तरण गर्नुका साथै हिंसा, विभेद, दुर्व्यवहारको जोखीममा रहेका ज्येष्ठ नागरिकहरुलाई संरक्षण गर्नका

लागि समुदायस्तरमा ज्येष्ठ नागरिक दिवा सेवाकेन्द्रहरु सञ्चालन गर्ने र ज्येष्ठ नागरिक नगर सञ्जाल परिचालनको कार्यक्रमलाई निरन्तरता दिईनेछ,

१७२. मानव बेचविखन र ओसार पसारका दृष्टिकोणले अत्यन्त जोखिममा रहेका वर्ग क्षेत्र र समुदायको शुक्ष्म ढंगले अध्ययन गरी स्थितिपत्र तयार पारिनेछ,

१७३. मानवअधिकार उल्लङ्घ तथा मानवबेचविखन र ओसारप्रसार विरुद्ध व्यापक रुपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय सञ्चार माध्यम, सामाजिक सञ्जाल र पत्रकारहरूको सहयोग लिइनेछ,

१७४. यौन हिंसा, यौन शोषण र बलात्कार जस्ता जघन्य अपराध न्यूनीकरण गर्न कानूनी उपचार खोज्न र दोषीलाई कानूनको दायरामा ल्याउन प्रत्येक वडामा महिला अधिकारकर्मी तथा समाजसेवी, राजनीतिक नेतृहरूको अगुवाइमा एक सशक्त मानव अधिकार संजालको गठन गरिनेछ,

१७५. बेपत्ता पारिएका, द्वन्द्व पिडित, बेचबिखनमा परेका, शहिद परिवार, लक्षित परिवारको लगत संकलन गरी उनीहरूको सशक्तिकरण तथा सामाजिक पुनः स्थापनाका लागि विशेष प्याकेज निर्माण गरी आयआर्जन र सामाजिक एकिकरणलाई सहज बनाइनेछ,

१७६. माध्यमिक तहमा अध्ययनरत छात्र छात्रा केन्द्रित यौन हिंसा, यौन शोषण, बलात्कार दाइजो र बाल अधिकारका विषयमा हरेक महिनामा एक पटक हुने गरी घुम्ती कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ,

१७७. न्यायमा पहुँच नभएका, हिंसा प्रभावितहरु, विपन्न वर्गहरूलाई निःशुल्क कानूनी परामर्श तथा मनोपरामर्श सेवाका लागि सेवा केन्द्रको संस्थागत व्यवस्था गरिनेछ,

१७८. हिंसा प्रभावित बालबालिकाहलाई शिक्षा स्वास्थ्य लगायतमा पहुँच वृद्धि गर्नका लागि आवश्यक प्रवन्ध गरिनेछ,

## शिक्षा युवा तथा खेलकुद

१७९. तुलसीपुर वहुप्राविधिक शिक्षालय (मेट्रो कलेज) लाई प्राविधिक शिक्षाको हब बनाइ सेवा क्षेत्रलाई स्तरवृद्धि गरी विद्यालय नगर क्षेत्र भित्र रहेका विद्यालयहरु स्तरवृद्धि गर्दै मेघा विद्यालय सञ्चालनमा ल्याउन पूर्वाधार निर्माण गरिनेछ,

१८०. नगरभित्रका संस्थागत विद्यालय र सामुदायिक विद्यालय विच रहेको शैक्षिक अन्तरलाइ अन्त्य गर्न बिधार्थिमैत्री वातावरण निर्माणका लागि भौतिक पूर्वाधार तथा शैक्षिक सुबिधामा सुधारका योजना तथा कार्यक्रम संचालनलाई प्राथमिकता दिइनेछ,

१८१. उपमहानगरपालिकालाई शिक्षाको केन्द्रको रुपमा विकास गर्न विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा **"भित्र्याउने, टिकाउने र सिकाउने"** कार्यलाई प्रोत्साहनमूलक अभियानलाई निरन्तरता दिइनेछ,

१८२. बालबालिकाको अन्तरनिहित क्षमता प्रस्फुटनका लागि पालिकास्तरमा विभिन्न अन्तर विद्यालयस्तरीय प्रतियोगिताका साथसाथै नगरस्तरीय बृहत सिकाइ मेला र स्टिम च्यालेन्ज लगायत प्राविधिक शिक्षा मार्फत **सिक्दै कमाउँदै, कमाउँदै सिक्दै** कार्यक्रम लागु गरिनेछ,

१८३. उपमहानगरलाई उपयोगी हुने विभिन्न विषयमा खोज तथा अनुसन्धान गर्ने कार्यलाई प्रोत्साहन गर्न **मेयर रिसर्च फेलोसिप कार्यक्रम**लाई निरन्तरता दिइनेछ,

१८४. विद्यालयहरूमा **अभिभावकसंग शिक्षक कार्यक्रम** लागू गरिनेछ र सोको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रवन्ध मिलाइनेछ,

१८५. बालविकास केन्द्रहरूलाई व्यवस्थित तथा सबलीकृत गर्न मापदण्ड निर्माण गरी बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने विद्यार्थीको संख्यामा वृद्धि गरिनेछ साथै बालविकास शिक्षकको योग्यता, क्षमता र पेसागत विकासलाई निरन्तरता दिइनेछ,

१८६. उपमहानगरपालिका भित्र अनुमति प्राप्त तथा अनुमति नलिई सञ्चालनमा रहेका शिशु कक्षालाई गैर नाफामूलक संस्थाका रुपमा दर्ता गर्न प्रोत्साहन गरी अनुगमन तथा नियमन गरिनेछ,

१८७. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मेन्टरिङ पद्धति अवलम्बन गर्दै विषयगत रोष्टर शिक्षक सञ्जाल गठन एवम् तुलसीपुर शैक्षिक सम्मेलनमार्फत शिक्षकको पेशागत विकासमा जोड दिइनेछ,

१८८. प्रविधिमैत्री सिकाइ वातावरणका लागि सबै माध्यमिक तथा आधारभूत तह सञ्चालित विद्यालयमा इन्टरनेट सुविधाको विस्तार गर्दै **डिजिटल सिकाइ पद्धतिलाई** प्रोत्साहन गरिनेछ,

१८९. शिक्षकको क्षमता अभिवृद्धिका लागि पाठ्यक्रम बमोजिम तथा आवश्यकतामा आधारित समयसापेक्ष क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ,

१९०. **"मेरो विद्यालय, सुरक्षित र उत्कृष्ट शिक्षालय"** अन्तर्गत विद्यालयहरूको भौतिक पूर्वाधारहरू भवन, शौचालय, पुस्तकालय,ल्याब, विज्ञान प्रयोगशालाहरूको निर्माण, मर्मत सम्भार, थप सामग्रीको व्यवस्था तथा स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइनेछ,

१९१. उपमहानगरपालिका भित्रका छिमेकी विद्यालयमा अतिथि शिक्षकले शिक्षण गर्न अतिथि शिक्षक शिक्षण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ,

१९२. उपमहानगरपालिकामा अध्ययनरत विद्यार्थीहरुलाई पढाइ प्रति उत्प्रेरित गर्न उत्कृष्ट नतिजा प्राप्त गर्ने छात्रछात्रा एवम् विद्यालयलाई सम्मानसहित प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ,

१९३. खुल्ला तथा वैकल्पिक शैक्षिक कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, विभिन्न छात्रवृति वितरण, १२ कक्षासम्म निःशुल्क पाठ्यपुस्तक वितरण कार्यलाई निरन्तरता दिईनेछ,

१९४. मेघा विद्यालय निर्माणको अवधारणालाई अगाडी बढाउँदै विद्यार्थी संख्याका आधारमा प्रोत्साहनमुलक कार्यक्रमलाई अघि बढाइनेछ,

१९५. एस.ई.ई उत्तीर्ण भएका विद्यार्थीलाई कक्षा ११ र १२ मा जेहेन्दार, गरिव, विपन्न र द्वन्द पिडित समुदायका छात्र छात्रालाई निःशुल्क छात्रवृतिका लागि अनलाइन माध्यमबाट छनौट गरी सिफारिस गर्ने नीतिलाई निरन्तरता दिइनेछ,

१९६. उपमहानगरपालिकाभित्र प्राविधिक शिक्षा सञ्चालित शिक्षालयहरुमा विद्यार्थी संख्या एवम् तोकिएको मापदण्ड बमोजिम प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिइनेछ,

१९७. छात्राहरुलाई महिनावारी हुँदा कक्षा छाड्ने, विद्यालयमा अनुपस्थित हुने प्रवृतिलाई निरुत्साहित गर्न र छात्रा उपस्थित दरमा वृद्दि गर्न उपमहानगरपालिकाले निःशुल्क सेनेटरी प्याड वितरण कार्यलाई निरन्तरता दिइनेछ,

१९८. प्राविधिक तथा व्यावसायिक तालिम प्रदायक नाफामुलक र गैर नाफामुलक सामुदायिक संस्थाहरूको बीचमा समन्वय, सहकार्य एवम् गुणस्तरका लागि अनुगमन कार्यलाई विशेष जोड दिइनेछ,

१९९. नेपाल संस्कृत विश्वविद्यालयलाई संघ र प्रदेश सरकारको समन्वयमा संस्कृत वाङ्मय, पूर्वीय दर्शन, आध्यात्मिक, आयूर्वेदिक, योग र पौराणिक शास्त्रहरूको अध्ययन र अनुसन्धान केन्द्रका रुपमा विकास गर्दै समयानुकूल आधुनिकीकरण र व्यवसायी बनाउन विश्वविद्यालयसंग साझेदारी गरिनेछ,

२००. विद्यालय शिक्षाको सुदृढिकरणका लागि विद्यालयमा उपमहानगरपालिका, जनप्रतिनिधि, नगर शिक्षा समिति, वडा कार्यालय, रोष्टर शिक्षक समूह तथा अन्य प्राज्ञिक व्यक्तित्वबाट विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता दिई **सार्वजनिक विद्यालयमा मेरो एक दिन कार्यक्रम** लागू गरिनेछ,

२०१. बहिरा, दृष्टिविहिन, शारिरीक तथा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका लागि निश्चित स्थानमा आवासीय पठन पाठनको व्यवस्थालाई निरन्तरता दिईनेछ,

२०२. शिक्षण सिकाइमा विविध कारणले पछाडि परेका बालबालिकाको लागि उपचारात्मक शिक्षण पद्धति (रेमिडियल कक्षा/बुष्टर कक्षा) सञ्चालनका लागि "चेन्जिङ स्टोरीज" लगायत शिक्षा सम्बद्ध संस्थासंगको सहकार्यलाई निरन्तरता तथा विस्तार गरिनेछ,

२०३. सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गर्दै वडा स्तरमा अनौपचारिक शिक्षा तथा प्राविधिक सिप सिकाइको लागि सामुदायिक सिकाई केन्द्रहरूलाई जिम्मेवार बनाइनेछ,

२०४. प्रौढ कक्षा, वैकल्पिक शिक्षा र निरन्तर कक्षाहरू संचालन गर्न विभिन्न संघसंस्थाहरूसँग सहकार्य गर्ने नीति लिइनेछ,

२०५. विद्यालय हाता बाहिर वडा कार्यालय र वि.व्य.स.ले तोकेको सिमाक्षेत्र भित्र मादकपदार्थ तथा सूर्तीजन्य वस्तुहरू र जंकफुडको बिक्री वितरणमा पूर्णतः निषेध गर्ने व्यवस्था मिलाइनेछ,

२०६. स्थानीय पाठ्यक्रम अनुरुप तयार गरिएका पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ र समयसापेक्ष रुपमा परिमार्जन गर्दै लगिनेछ,

२०७. **स्वास्थ्यका लागि खेलकुद र पहिचानका लागि खेलकुद** लाई जोड दिदै खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा जोड दिइनेछ,

२०८. बालबालिका तथा युवालाई आत्मानुशासन, जनसेवाप्रति समर्पित गर्न नगर तथा विद्यालयस्तरमा स्काउट क्लबको गठन गरी क्रियाशिल बनाउने नीति लिइनेछ,

२०९. हरित विद्यालय निर्माणका लागि एक विद्यार्थी एक बिरुवा अभियानसहित विद्यालयको खाली क्षेत्रमा फलफूलका बिरुवा रोप्ने कार्यलाई अघि बढाइ विद्यालयको आम्दानीको श्रोत बढाउन प्रोत्साहन गरिनेछ,

२१०. जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने नीति लिइनेछ,

२११. विद्यालयमा स्वच्छ खानेपानी तथा लैङ्गिकमैत्री शौचालयको व्यवस्थापनलाई निरन्तरता दिइनेछ,

२१२. सामुदायिक विद्यालयहरुलाई बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ,

२१३. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ,

२१४. नगर युवा परिषद र युवा सञ्जालमार्फत युवाको नेतृत्व विकासका लागि नेतृत्व विकास तथा क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ,

२१५. युवाहरूलाई विपद् व्यवस्थापन र सामाजिक सेवाका कार्यमा अग्रसर गराउँदै युवाको रुचि एवम् क्षमता पहिचान गरी रोजगारी तथा स्वरोजगारमूलक नवउद्यमका क्षेत्रमा जोड्न प्राथमिकता दिईनेछ,

२१६. नगर खेलकुद विकास समितिको गठन गरिनेछ र समितिको सक्रियतामा पालिकास्तरीय विभिन्न खेलकुद प्रतियोगिताहरु अन्तर्गत मेयरकप, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, विद्यालयभित्र अतिरिक्त क्रियाकलाप लगायत वडास्तरीय प्रतियोगिताहरू सञ्चालनमा निरन्तरता दिइनेछ,

२१७. आधारभूत तहसम्मका सामुदायिक बिधालयहरुमा खानेपानी र विधुत महसुलको सुनिश्चितताको लागि आवश्यक प्रबन्ध गरिनेछ,

२१८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा पदक प्राप्त गर्ने उपमहानगरपालिका भित्रका खेलाडीहरूको अभिलेख तयार गरी उचित प्रोत्साहन प्रदान गरिनेछ,

## सामाजिक सुरक्षा तथा पञ्जीकरण

२१९. नेपालको संविधान, सामाजिक सुरक्षा ऐन, नियमावली तथा वितरण कार्यविधि र प्रचलित कानून बमोजिम नागरिकहरुको आधारभूत जीवनस्तर सुरक्षित गरिनेछ,

२२०. सामाजिक न्यायको संरक्षणसहित आम नागरिकमा महशुस हुनेगरी सबै जातजाती वर्ग तथा क्षेत्रका जनताको मौलिक हक सुनिश्चित गर्न नेपाल सरकारबाट उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षाभत्ता वितरण प्रणालीलाई सरल सहज बनाईनेछ,

२२१. उपमहानगरपालिका भित्रका बैंक तथा वित्तीय संस्थाको सहयोग तथा समन्वयमा नागरिकहरुको घरदैलोमा छिटो छरितो तथा पारदर्शी तरिकाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने, लगत संकलन तथा अद्यावधिक गर्नुका साथै समयसापेक्ष उक्त प्रणालीलाई व्यवस्थित गर्न प्रविधिको उच्चतम प्रयोगको व्यवस्था मिलाइनेछ,

२२२. पञ्जीकरण तथा घटनादर्ता प्रणालीलाई प्रविधिमैत्री बनाई जन्म, मृत्यु, विवाह, बसाइ सराई, सम्बन्धबिच्छेद लगायत अन्य घटनादर्ता अभिलेख व्यवस्थित गरिनेछ,

२२३. प्रविधिमैत्री व्यवस्थित एवम् प्रभावकारी घटनादर्ता तथा अभिलेख व्यवस्थापन कार्यका लागि समयसापेक्ष रुपमा जनशक्तिको क्षमता विकास कार्यलाई जोड दिईनेछ,

२२४. समयमै घटनादर्ता गराउनका लागि नागरिक सचेतना कार्यक्रमहरु निरन्तर सञ्चालन गरिनेछ,

## खानेपानी, सरसफाई तथा फहरमैला व्यवस्थापन

२२५. फोहोरको दीर्घकालीन व्यवस्थापनका लागि सार्वजनिक निजि साझेदारी ( PPP) मोडल मार्फत फोहरमैलाको व्यवस्थापन गरिनेछ,

२२६. स्रोतमै फोहोर वर्गीकरण कार्यक्रम अन्तर्गत नगरभित्रका सम्पूर्ण घरधुरी, व्यापारिक प्रतिष्ठान, होटल, कार्यालय तथा संस्थाहरूमा स्रोतमै फोहोर वर्गीकरण प्रणाली लागू गरिनेछ, जैविक, पुनर्चक्रणयोग्य तथा अन्य फोहोर छुट्याउन तीन डस्टबिन प्रणाली क्रमशः अनिवार्य गरिनेछ,

२२७. **जैविक फोहोर व्यवस्थापन तथा कम्पोष्ट अभियान**लाइ प्राथमिकता दिदै तुलसीपुरमा उत्पादन हुने फोहोरमध्ये सबैभन्दा ठूलो हिस्सा जैविक फोहोर रहेको तथ्यलाई दृष्टिगत गर्दै शहर उन्मुख वडामा सामुदायिक तथा घरायसी कम्पोष्ट कार्यक्रम सञ्चालन गरिनेछ, जैविक फोहोरलाई मल तथा ऊर्जा उत्पादनसँग जोड्दै ल्यान्डफिलमा जाने फोहोरको मात्रा न्यूनिकरण गरिनेछ,

२२८. फोहोर व्यबस्थापनलाई दिर्घकालिन व्यवस्थापनका लागि 4R बिधि फोहोर न्यूनीकरण, पुनः प्रयोग, पुनचक्रण र पुनः प्राप्ति/ पुननिर्माण (Reduce, Reuse, Recycle, Recover/Reconstruction) प्राथमिकताका साथ अवलम्वन गरिनेछ ,

२२९. **बायोग्यास तथा जैविक ऊर्जा प्रवर्द्धन**का लागि कृषि तथा पशुपालनमा आधारित घरपरिवारमा गोबर तथा जैविक फोहोरबाट बायोग्यास उत्पादन कार्यक्रम विस्तार गरिनेछ, उत्पादन भएको जैविक मललाई स्थानीय कृषि उत्पादन प्रणालीसँग एकीकृत गरिनेछ,

२३०. **कृषि प्लास्टिक व्यवस्थापन कार्यक्रम** अन्तर्गत मलका बोरा, प्लास्टिक टनेल, ड्रिप पाइप तथा कृषि क्षेत्रमा प्रयोग हुने प्लास्टिकजन्य सामग्री संकलन तथा पुनः चक्रका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ,

२३१. बजार क्षेत्र फोहोर व्यवस्थापन सुधार कार्यक्रम अन्तर्गत व्यापारिक तथा बजार क्षेत्रमा सुख्खा र भिजेको फोहोर छुट्याउने व्यवस्था लागू गरिनेछ, कार्डबोर्ड, कागज तथा प्लास्टिकजन्य सामग्रीको पुनर्चक्रणलाई प्रोत्साहन गर्न संकलन तथा खरिद प्रणाली विकास गरिनेछ,

२३२. **प्लास्टिक न्यूनीकरण तथा पुनःप्रयोग गर्नका लागि** एकपटक प्रयोग हुने प्लास्टिकजन्य सामग्रीको प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै कपडाको झोला, पुनःप्रयोगयोग्य सामग्री तथा वातावरणमैत्री विकल्पहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ,

२३३. होटल, रेष्टुरेन्ट तथा खाद्य व्यवसायबाट निस्कने जैविक फोहोरलाई छुट्टै संकलन गरी कम्पोष्ट तथा अन्य उपयोगमा ल्याइनेछ, प्रयोग भइसकेको खाना पकाउने तेलको पुनः प्रयोग गर्न निरुत्साहित गरिनेछ,

२३४. तुलसीपुर उपमहानगरपालिका भित्रको सुख्खा क्षेत्रमा आकाशे पानी संकलन र वैकल्पिक तथा सौर्य उर्जामा आधारीत सिचाई प्रबिधिको बिकास गरिनेछ,

२३५. एक घर एक धाराको संकल्प कार्यान्वयन गर्न पालिका भित्र रहेका पानिका मुहान संरक्षण तथा व्यवस्थापन गरि नगरका सबै घरधुरिमा स्वच्छ र शुद्ध खानेपानि पुर्याउने अभियानलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ साथै सिमसार क्षेत्र संरक्षणका लागि आवश्यक कार्य गरिनेछ,

२३६. **विद्यालय तथा कलेजमा हरित अभियान** मार्फत विद्यालय तथा कलेजहरूमा इको क्लब गठन, प्लास्टिकमुक्त विद्यालय अभियान, कम्पोष्ट बगैंचा स्थापना तथा वातावरणीय शिक्षा प्रवर्द्धन गरिनेछ, विद्यार्थीहरूलाई फोहोर व्यवस्थापनका अभियानमा सक्रिय सहभागी बनाइनेछ,

२३७. **कार्यालय तथा संस्थागत फोहोर व्यवस्थापन** अन्तर्गत सरकारी कार्यालय, बैंक तथा संस्थाहरूमा कागजरहित सेवा प्रणाली प्रवर्द्धन गरिनेछ, कार्यालय परिसरमा पुनर्चक्रण केन्द्रित संकलन बिन्दु स्थापना गरिनेछ,

२३८. **स्वास्थ्यजन्य फोहोर व्यवस्थापन अन्तर्गत** अस्पताल, क्लिनिक तथा स्वास्थ्य संस्थाबाट निस्कने जोखिमयुक्त फोहोरको सुरक्षित व्यवस्थापनका लागि प्रचलित मापदण्डअनुसार वर्गीकरण, संकलन तथा प्रशोधन प्रणाली लागू गरिनेछ, म्याद गुज्रिएका औषधिको सुरक्षित संकलन कार्यक्रम सञ्चालन गरिनेछ,

२३९. **निर्माणजन्य फोहोर व्यवस्थापन** मा भवन निर्माण स्वीकृतिसँगै फोहोर व्यवस्थापन योजना पेश गर्ने व्यवस्था लागू गरिनेछ, निर्माणजन्य अवशेषको पुनःप्रयोग तथा पुनर्चक्रणलाई प्रोत्साहन गरिनेछ, सार्वजनिक स्थल तथा नदी किनारामा अवैध रूपमा फोहोर फाल्ने कार्यमा कडाइका साथ नियन्त्रण गरिनेछ,

२४०. **महिला तथा सहकारी सहभागिता कार्यक्रम** अन्तर्गत महिला समूह तथा सहकारी संस्थाहरूलाई कम्पोष्ट उत्पादन, कपडाको झोला निर्माण, पुनर्चक्रणजन्य उद्यम तथा हरित व्यवसायमा संलग्न गराई आयआर्जन र स्थानीय स्वामित्व अभिवृद्धि गरिनेछ,

२४१. **अनौपचारिक फोहोर संकलक व्यवस्थापन कार्यक्रम मार्फत** फोहोर संकलनमा संलग्न अनौपचारिक श्रमिकहरूको दर्ता, क्षमता विकास, सुरक्षा सामग्री उपलब्धता तथा सहकारीमार्फत औपचारिक व्यवस्थापन गरिनेछ,

२४२. **युवा तथा प्रविधिमैत्री फोहोर व्यवस्थापन**का लागि फोहोर व्यवस्थापनसम्बन्धी सूचना, गुनासो तथा निगरानीका लागि डिजिटल प्रणाली विकास गरिनेछ, युवालाई हरित नवप्रवर्तन तथा पुनर्चक्रणमा आधारित उद्यमशीलतामा प्रोत्साहित गरिनेछ,

२४३. **वडा विशेष फोहोर व्यवस्थापन कार्यक्रम** अन्तर्गत प्रत्येक वडाको सामाजिक, आर्थिक तथा भौगोलिक विशेषताका आधारमा वडा-विशेष फोहोर व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ, कृषि प्रधान क्षेत्रमा कम्पोष्ट तथा बायोग्यास, व्यापारिक क्षेत्रमा पुनर्चक्रण तथा शहरी क्षेत्रमा स्मार्ट फोहोर व्यवस्थापन प्रणाली विस्तार गरिनेछ,

२४४. **सार्वजनिक कार्यक्रम तथा धार्मिक स्थल व्यवस्थापन** अन्तर्गत मेला, महोत्सव, धार्मिक कार्यक्रम तथा सार्वजनिक सभाहरूमा फोहोर व्यवस्थापन योजना अनिवार्य गरिनेछ, पुनःप्रयोगयोग्य भाँडाकुँडाको प्रयोगलाई प्रोत्साहन गरिनेछ,

२४५. नगरपालिकाभित्र कृषि फोहोर, व्यापारिक फोहोर, स्वास्थ्यजन्य फोहोर, पुनर्चक्रण तथा जनचेतना कार्यक्रमको समन्वय गर्न विशेषीकृत फोहोर व्यवस्थापन तथा स्रोत पुनःप्राप्ति इकाई स्थापना गरिनेछ,

२४६. **अध्ययन, अनुसन्धान तथा तथ्याङ्क प्रणाली** मार्फत वडा स्तरीय फोहोर सर्वेक्षण, GIS आधारित फोहोर नक्साङ्कन, घरधुरी नमुना अध्ययन तथा व्यवसायिक फोहोर अडिट सञ्चालन गरी तथ्यमा आधारित योजना निर्माण गरिनेछ,

२४७. **प्रोत्साहन तथा शुल्क प्रणाली** अन्तर्गत स्रोतमै फोहोर वर्गीकरण गर्ने तथा कम फोहोर उत्पादन गर्ने घरपरिवार र संस्थालाई प्रोत्साहन गरिनेछ, मिश्रित फोहोर उत्पादनलाई निरुत्साहित गर्ने गरी उपयुक्त शुल्क प्रणाली क्रमशः लागू गरिनेछ,

२४८. **हरित रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन** का लागि कम्पोष्ट उत्पादन, पुनर्चक्रण उद्योग, फोहोर संकलन सेवा, डिजिटल व्यवस्थापन प्रणाली तथा हरित व्यवसायमार्फत रोजगारी सिर्जना गरिनेछ,

२४९. संकटासन्न ताल, नदी तथा पोखरीहरुको पहिचान र पुर्नउत्थान गर्नुका साथै उपलब्ध जलस्रोतको उच्चतम र दिगो सदुपयोग हुने गरी जलस्रोतमा आधारित उद्योग तथा व्यवसायको सम्भाव्यता अध्ययन गरिनेछ ,

२५०. इट्टाभट्टा जस्ता प्रदूषण बढाउने उद्योगलाई घना मानव बस्ती भएको इलाकामा स्थापना गर्न निषेध गरिनेछ साथै यस्ता उद्योगलाई वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनाई वातावरण संरक्षणका क्षेत्रमा सामाजिक उत्तरदायित्व अन्तर्गत शोधभर्ना स्वरुप लगानी गर्नुपर्ने प्रावधान बनाइनेछ,

२५१. घरआँगन, टोल र सडक सफा राख्ने र सामुदायिक वा टोलस्तरमा नियमित सरसफाई अभियान सञ्चालन गर्नुका साथै प्रत्येक वडाका मानवीय गतिविधिहरू बढी भइरहने क्षेत्रमा अनिवार्य सार्वजनिक शौचालयको निर्माण गरिनेछ,

२५२. उप-महानगरपालिका क्षेत्रभित्र स्थापना हुने उद्योगहरु दर्ता गर्दा वातावरण प्रदूषण नहुने कार्ययोजना पेश गरेमा राजश्व रकममा सहुलियत दिने व्यवस्था गरिनेछ,

२५३. वेवारिसे लाश र मरेका पशु चौपायाहरुको तत्काल व्यवस्थापन गर्न वडास्तरमा निश्चित स्थानहरु तोकी व्यवस्थापनको कार्यलाई निरन्तरता दिईनेछ,

## जनस्वास्थ्य प्रवर्द्धन

२५४. नेपालको संविधानको धारा ३५ मा व्यवस्था भए बमोजिम मौलिक हकको रुपमा रहेको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई नगरभित्रका नागरीक तथा समुदायसम्म सहज पहुँचसहित प्रभावकारी रुपमा सेवा उपलब्ध गराइनेछ,

२५५. तुलसीपुर भिमसेन मेट्रो अस्पतालको स्तरोन्नती गरी गुणस्तरीय, सर्वसुलभ उपचारात्मक तथा निदानात्मक सेवा लगायत विशेषज्ञ उपचार सेवाहरु सञ्चालन गरिनेछ साथै अस्पतालमा नागरिक आरोग्य कार्यक्रम तथा प्राकृतिक चिकित्सालय अन्तर्गत एकीकृत आयुर्वेद स्वास्थ्य

सेवा कार्यक्रम संचालन गरिनेछ, अस्पताललाई भविष्यमा आउन सक्ने कोभिड १९ जस्ता महामारी तथा अन्य संक्रामक रोगको जोखिबाट नागरिकलाई सुरक्षित गर्न स्वास्थ्य आपतकालीन सेवा संचालन केन्द्र (Local Health Emergency Response Center) को रुपमा विकास गरिनेछ,

२५६. देशको मौलिक चिकित्सा पद्धतिको रुपमा आयुर्वेद तथा योगको विकासमा जोड दिइनेछ,तुलसीपुर मेट्रो अस्पतालमा नागरिक आरोग्य कार्यक्रम संचालन गरी प्रतिरोधात्मक, प्रवर्धनात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक (Basic Physiotherapy Service) सेवा सबै नागरिकको सहज पहुँचमा पुऱ्याईनेछ,

२५७. उपमहानगरका भित्रका नागरिकलाई विशिष्टिकृत सेवा उपलब्ध गराउन राप्ती प्रादेशिक अस्पतालमा उपमहानगरपालिकाबाट निर्मित भवनमा ३ शैयाको सघन उपचार केन्द्र ( ICU ; Intensive Care Unit) संचालनका लागि संघ, प्रदेश सरकारसँग सहकार्य गरिनेछ,

२५८. समुदायस्तरमा आधारभूत आपतकालीन प्रसुति सेवा (वर्थिङ सेन्टर) संचालनलाई निरन्तरता दिइनेछ , घरमै हुने प्रसुतिलाई शून्यमा झारिनेछ,

२५९. विपन्न ज्येष्ठ नागरिक तथा अशक्तलाई घरदैलोमै उपचार परामर्शमा प्राथमिकता दिइनेछ,

२६०. हरेक वडामा पाठेघरको मुखको क्यान्सर रोकथामका लागी निःशुल्क स्क्रिनिङ (VIA ) कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ,

२६१. पुर्णखोप घोषणा तथा पोषणमैत्री स्वास्थ्यसंस्था घोषणालाई निरन्तरता दिइनेछ ,

२६२. पालिकाका विकट वस्तीमा उपमेयर आमा बचाऔं, सुरक्षा योजनाः आवासीय प्रसुती तयारी योजना, निःशुल्क घुम्ती गर्भवती अल्ट्रासाउण्ड सेवा, नवविवाहित पहिचान तथा गर्भवती निमन्त्रणा कार्यक्रम संचालन गरिनेछ,

२६३. यातायात मजदुरलाई लक्षित गरि आधारभुत स्वास्थ्य जाँचको **"स्वस्थ चालक, सुरक्षित यात्रा"** प्याकेजलाई निरन्तरता दिइनेछ,

२६४. स्वास्थ्य ब्यवस्थापन सूचना प्रणाली र नगरको आन्तरिक सूचना व्यवस्थापनको लागि सबै स्वास्थ्य संस्थाहरुमा डिजिटल प्रणालीमा आधारित रिपोर्टिङ प्रणाली लागु गरिनेछ,

२६५. निजि स्वास्थ्य संस्थाहरुको सहकार्यमा परिवार योजना सेवा तथा निःशुल्क सुरक्षित गर्भपतन सेवा विस्तार गरिनेछ,

२६६. **"मेयर स्वस्थ मुटु अभियान"** संचालन गरी नसर्ने रोगहरुको रोकथाम तथा सचेतनालाई विद्यालयस्तरदेखि लागु गर्नुका साथै नगरका सवै वडाहरूमा योग तथा ध्यानकेन्द्र सञ्चालन गरिनेछ,

२६७. बौद्धिक अपाङ्गता तथा अटिजम भएका बालबालिकाहरु पहिचान गरी स्क्रिनिङ र उपचारका विशेष कार्यक्रम सञ्चालन गरिनेछ,

२६८. जलवायु परिवर्तन तथा प्राकृतिक विपद्ले सृजना हुने मानवीय स्वास्थ्य संकट समाधान गर्न विपद् पुर्वतयारी र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ , वातावरण प्रदूषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गरिनेछ,

२६९. **"स्वस्थ किशोरी, स्वस्थ आमा"** यौन तथा प्रजनन् स्वास्थ्य सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ,

२७०. मानसिक स्वास्थ्य समस्याको रोकथामका लागि सचेतना बृद्धि गरी नगरको २ स्थानमा मनोपरामर्श केन्द्र संचालन गरिनेछ,

२७१. उपमहानगरपालिकामा बहुक्षेत्रीय पोषण तथा आपतकालीन पोषण कार्यक्रमलाई प्राथमिकताका साथ लागु गरिनेछ,

२७२. टि.बी. मुक्त पालिका घोषणा अभियानलाई तिव्रता दिईनेछ,

२७३. द्वन्दपिडीत महिलाहरूका लागि प्रजनन स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ,

२७४. संघ र प्रदेशको सहकार्यमा पालिकामा आफ्नै औषधी भण्डारण भवन तथा खोप कोल्डचेन व्यवस्थापन गरिनेछ,

२७५. उपमहानगरपालिकाका विकट समुदायमा खोपकेन्द्र भवनको निर्माण गरिनेछ,

२७६. जन्मजात, दिर्घरोग, दुर्घटना जस्ता कारणले हुने अपाङ्गता रोकथाम सम्बन्धी कार्यक्रम संचालन गरिनेछ,

२७७. एच.आई.भी. एड्स रोगको प्रकोप दर घटाउन सम्बन्धित संस्था तथा जोखिम समुहसंग साझेदारी गरिनेछ,

२७८. स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि गर्दै सेवालाई प्रभावकारी बनाउन निःशुल्क अत्यावश्यक गुणस्तरीय औषधी, औजार तथा उपकरणको व्यवस्था गरिनेछ ,

२७९. महामारी रोकथामका लागी सँक्रामक रोग निगरानी (Surveillance and Early Reporting) गरिनेछ, पानी प्रदुषणका कारणबाट हुने महामारीजन्य रोगको रोकथामका लागि स्थानीय

खानेपानी आयोजना तथा संस्थासंग सहकार्य गरी सुरक्षित खानेपानी तथा स्वच्छता कार्यक्रम कार्यान्वयन गरिनेछ,

२८०. मदिरा नियन्त्रण तथा सचेतना कार्ययोजना लागु गरिनेछ,

२८१. युवापुस्ताको स्वास्थ्य सुरक्षाका लागि स्वास्थ्य सचेतना तथा लागू औषध तथा दुर्व्यसन विरुद्ध अभियान संचालन गरिनेछ ,

२८२. पूर्णस्तनपानलाई सुनिश्चत गर्दै आमाको दुध प्रतिस्थापन गर्ने वस्तुको नियन्त्रण तथा नियमन गरिनेछ,

२८३. खुसहाल परिवार निर्माण योजना अन्तर्गत शारिरीक, मानसिक र संवेगात्मक स्वास्थ्य प्रवर्द्धन गरिनेछ ,

२८४. सुलभ स्वास्थ्य उपचार सुनिश्चितताका लागि स्वास्थ्य विमा कार्यक्रमलाई प्राथमिकताका दिइनेछ,

# आर्थिक विकास

## कृषि तथा पशु सेवा

२८५. पशुहरुको नश्ल सुधारका माध्यमबाट उत्पादन एवं उत्पादकत्व बृद्धिका लागी कृषकहरुलाई **निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रमलाइ निरन्तरता** दिइनेछ,

२८६. कृषकको घरदैलोमा पशुपन्छीको निःशुल्क उपचार सेवाका निम्ति **"किसानको गोठ गोठमा निःशुल्क पशुपन्छी उपचार सेवा कार्यक्रम"** लाई निरन्तरता दिइनेछ,

२८७. कृषकहरुलाई प्रोत्साहन स्वरुप **सुत्केरी पशुहरुलाई पोषण किट बितरण कार्यक्रम**लाई निरन्तरता दिइनेछ,

२८८. गाउँघरका कृषकहरुका माझमा भेटेरीनरी सेवा पुऱ्याउनका निम्ति **भेटेरीनरी डाक्टर सहितको गाउघँरमा भेटेरीनरी सेवा कार्यक्रम** निरन्तरता दिइनेछ,

२८९. पशुपालक कृषकहरुलाई प्रोत्साहन गर्न तथा पशुधनको सुरक्षा गर्न दुधालु गाई भैसी तथा माउ बंगुरहरुको **"निःशुल्क बिमा कार्यक्रम"** सञ्चालन गरिने छ,

२९०. पशुपालक कृषकहरुको उत्पादन लागत कम गर्न **"अनुदानमा आधारित साईलेज तथा हे बितरण"** कार्यक्रम सन्चालन गरिनेछ,

२९१. प्रभावकारी पशु स्वास्थ्य सेवाका लागी **निःशुल्क डिस्पेन्सरी सेवा सन्चालन** गर्न आवश्यक व्यबस्था मिलाईने,

२९२. व्यवसायिक कृषकहरुलाई पशुपन्छी एवं मत्स्यपालनमा आकर्षित गर्न **एक वडा एक उत्कृष्ट कृषक सम्मान गर्न** व्यवस्था मिलाइनेछ,

२९३. दुधालु गाई भैसीहरुमा जुनोटिक क्षयरोग निदानका निम्ती **"Zoonotic Tuberculosis screening in milking Cattle and Buffalo of Tulsipur Sub-metropolitan city"** नामक कार्यक्रम सन्चालन गरिनेछ,

२९४. पशुपन्छीहरुमा हुने माहामारीजन्य रोगहरु नियन्त्रणको लागि **निःशुल्क खोप कार्यक्रम (Free vaccination Program)** सञ्चालनमा ल्याईनेछ,

२९५. घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्न हिउदे तथा बर्षे घाँसको बिउहरु अनुदानमा बितरण गर्ने व्यवस्था मिलाइनेछ,

२९६. पशुपन्छीहरुको रोग निदान एवम् प्रभावकारी उपचार प्रदान गर्न पशु सेवा शाखाबाट सुबिधा सम्पन्न भेटेरीनरी प्रयोगशाला सेवा तथा सर्जरी सेवा सन्चालनको व्यवस्था गरिनेछ,

२९७. पशुपन्छी एवं मत्स्यपालक कृषकहरुलाई आधुनिकिकरण एवं व्यावसायिकरण गर्नका लागि ब्यावसायिक कृषकहरुलाई लागत साझेदारीमा यान्त्रिक साधन हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ,

२९८. स्वच्छ मासु र दुध उत्पादन एवं बजारीकरणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ,

२९९. जुनोटिक रोग नियन्त्रणका लागि बर्षभरिनै रेबिज रोगको बिरुद्धमा निशुल्क खोपलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ,

३००. कृषकहरुको क्षमता अभिवृद्धिका निम्ति विभिन्न प्रकारका व्यावसायिक सिपमुलक तालिम, गोष्ठी, प्रर्दशनि, भ्रमण तथा फिल्ड भिजिट जस्ता क्रियाकलापहरुको निरन्तरताका लागि आवश्यक व्यवस्था मिलाइनेछ,

३०१. कच्ची कुलो र नहर लाइ स्तरोन्नति गरी पक्कि संरचना निर्माण गरिनेछ साथै सिचाई सुविधा नपुगेका वडामा डिप बोरिङ गरी सिंचाइ सुबिधा विस्तार गरिनेछ,

३०२. पालिकामा चिस्यान गृह (कोल्ड स्टोर) निर्माण गरि फलफुल तथा तरकारिजन्य बस्तुको भन्डारण गरिनेछ,

३०३. पशु हाट बजारको व्यवस्था मिलाउनुका साथै पशुपन्छीजन्य उत्पादनहरु तथा एग्रोभेटहरुको बजार अनुगमन कार्यलाई तिब्रता दिईनेछ,

३०४. कृषकको व्यक्तिगत, पारिवारिक, जमिन, बाली, पशुपालन लगायतका अनुदानको विवरण डिजिटल रूपमा अभिलेख राखी आवश्यक सूचना मोबाइल एप, SMS वा वेबपोर्टलमार्फत तुरुन्तै कृषकसम्म पुऱ्याउनका लागि सूचना प्रणालीको विकास गरिनेछ ,

३०५. बाली व्यवस्थापन, मल तथा किट व्यवस्थापन, उत्पादन प्रविधि, कृषि यान्त्रिकरण, जैविक खेती लगायतका विषयमा ज्ञान र सीप अभिवृद्धि गर्न कृषकहरुको क्षमता विकास गरिनेछ,

३०६. विभिन्न समूह, सहकारी, क्षेत्र र वडाका कृषकहरू एउटै सञ्जालमा आबद्ध गरी एक वडा एक कृषक सञ्जाल गठनका लागि प्रोत्साहन गरिनेछ,

३०७. कृषि प्रविधिको प्रचार, बजार पहुँच, जनचेतना अभिवृद्धि र दिगो कृषि प्रणालीतर्फ सकारात्मक आधार निर्माण गर्न कृषि मेला तथा अन्य सचेतनामुलक कार्यक्रमको व्यवस्था गरिनेछ,

३०८. कृषकको दिगो आम्दानीको आधार तयार गर्नको लागि फलफूल उत्पादन विस्तार, बाँझो जमिन उपयोग, पोषण सुरक्षा र व्यवसायिक कृषिमा प्रोत्साहन गरिनेछ,

३०९. कृषि उत्पादनलाई सहज रुपमा बजारसम्म पुर्याउन र अर्थतन्त्रलाइ चलायमान बनाउनका लागि कृषि एम्बुलेन्सको प्रबन्ध गरिनेछ ,

३१०. स्थानीय स्तरमा गुणस्तरीय बीउको उपलब्धता सुनिश्चित , कृषक आत्मनिर्भरता, उत्पादन लागत घटाउने, आय आर्जनमा वृद्धि गर्ने र दिगो कृषि प्रणाली विकास गर्न बीउ उत्पादनको आवश्यक प्रबन्ध मिलाइनेछ, दिगो कृषि विकास गर्न प्राकृतिक ताल तलैया निर्माण गरीनेछ,

३११. कृषि बालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी खाद्य सुरक्षामा सुनिश्चतता गर्न उन्नत तथा हाईब्रिड जातका लागत साझेदारीमा बीउ वितरण गरिनेछ ,

३१२. बाली चक्र विविधिकरण, उत्पादन र उत्पादकत्वमा वृद्धि, खाद्य सुरक्षामा टेवा पुर्याउन र कृषकको आयमा वृद्धि गर्न चैते धान र हिउँदे तथा बसन्ते मकै खेतीको प्रवर्द्धन गरिनेछ,

३१३. कृषकमा रासायनिक मल र विषादीको प्रयोग, जैविक मल र जैविक कीट व्यवस्थापन प्रविधिको अवलम्बन गरी माटोको स्वास्थ्य सुधार, वातावरण संरक्षण र स्वस्थ खाद्य उत्पादनमा टेवा पुर्याउनका लागि प्राङ्गारिक कृषि प्रवर्द्धनको व्यवस्था मिलाइनेछ,

३१४. कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि, श्रम लागत घटाउन र कृषि कार्यमा समय बचत गरी व्यवसायिक कृषिमा प्रोत्साहन गर्न ५०% अनुदानमा कृषि यान्त्रीकरणमा सहयोग गरिनेछ ,

३१५. कृषिजन्य उत्पादन तरकारी फलफूल लगायतका वस्तुहरुमा विषादी प्रयोगलाई न्यूनिकरण गर्न विषादी परिक्षण गर्न संघ, प्रदेशको अन्य स्थानीय तहसंग साझेदारीमा विषादी परिक्षण ल्याव स्थापना गरिनेछ,

३१६. उत्पादित कृषिजन्य वस्तुलाई बजारिकरण गर्न हाटवजार स्थापनालाई निरन्तरता दिई व्यवसायलाई प्रोत्साहन गरिने,

## सहकारी तथा रोजगार प्रवर्द्धन

३१७. **“सबल सहकारी, बढाउने छ रोजगारी ”** अभियानसँग जोडी सहकारी संघसंस्थालाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रबर्द्धन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ र बजारिकरणका लागि प्रोत्साहन गरिनेछ,

३१८. सुशासन पारदर्शिता र उत्तरदायित्वलाई प्राथमिकता र प्रोत्साहन गरिनेछ,

३१९. COPOMIS, प्रविधिमैत्री लेखा प्रणाली, सहकारी शिक्षा, वित्तीय साक्षरता, क्षमता विकास कार्यक्रम, उद्यमशीलता विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ,

३२०. सहकारी संस्थाहरुको मर्जरलाई प्रोत्साहन गरिनेछ साथै लामो समयदेखि कारोबार बन्द गरी निष्क्रिय रहेका एवम् खराब अवस्था भएका संस्थाहरुको खारेजीको प्रक्रिया अगाडी बढाइनेछ,

३२१. सहकारी संस्थाहरुको संस्थागत क्षमता विकासका लागि संस्थासंगको संमन्वय सहकार्य तथा सहयोगमा साझेदारी कार्यक्रम संचालन गरिनेछ,

३२२. सहकारीका मार्फतबाट वित्तिय साक्षरता तथा आर्थिक वृद्धिका लागि नवप्रवर्द्धनात्मक कार्यक्रमहरुमा जोड दिइनेछ,

३२३. नगर क्षेत्रभित्र कार्यक्षेत्र भएका बैंक, वित्तिय संस्थाहरु, समाजिक संघ संस्था अन्य संघ संस्थाले बहन गर्नु पर्ने नियमानुसारको अनिवार्य सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु एकद्धार प्रणाली मार्फत संचालन गर्नका लागि प्राथमिकता दिइनेछ,

३२४. बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र प्रतिष्ठित बनाउन समुदायस्तरमा बैदेशिक रोजगार सम्बन्धी नागरिक सचेतना, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ,

३२५. बैदेशिक रोजगारसँग सरोकार राख्ने निकायसँगको समन्वयमा बैदेशिक रोजगारीको सिलसिलामा सिकेका ज्ञान, सीप र क्षमता प्रयोग गरी स्थानीयस्तरमै रोजगारीका अवसरहरु सिर्जना गरिनेछ,

३२६. स्थानीय तहबाट दिइने श्रम स्वीकृतिको कामलाई निरन्तरता दिइनेछ, साथै बैदेशिक रोजगारबाट फर्किएका सीपयुक्त जनशक्तिहरुको लगत कायम गरी नवप्रवर्द्धनात्मक उधमशिलतमा जोड्नका लागि विशेष प्याकेजको प्रबन्ध गरिनेछ,

३२७. बैदेशिक रोजगारीमा समस्यामा परेका श्रमिकको खोज, उद्धार, राहत तथा पुनःस्थापनाको कामलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ,

३२८. बैदेशिक रोजगारको सिलसिलामा ज्यान गुमाएका अंगभंग भएका परिवारका सदस्यलाई आर्थिक सहायता दिने कार्यमा निरन्तरता दिइनेछ,

३२९. सीपयुक्त तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी स्वरोजगार तथा उद्यमशीलता विकासलाई प्रवर्द्धन गरिनेछ ,

## उद्योग, व्यवसाय, बजार तथा उपभोक्ता हित

३३०. स्थानीय उद्यमीहरुले उत्पादन गरेका सामग्रीहरुको बजारीकरणका लागि आवश्यक प्रबन्ध गरिनेछ,

३३१. उपभोक्ता हित संरक्षण र उत्पादित वस्तुको गुणस्तर सुनिश्चित गर्न नियमित बजार अनुगमनको व्यवस्थालाई निरन्तरता दिइनेछ,

३३२. फुटपाथमा हुन सक्ने व्यापारलाई पूर्ण रूपमा निरुत्साहित गरी साना व्यवसायीको ब्यवसाय प्रवर्द्धन र आर्थिक पक्षमा सवलिकरण गर्न सम्भाव्यता हेरि निश्चित स्थान र समय तोकी ब्यवस्थित रुपमा पप-अप विजनेस (POP-UP- BUSINESS) वा टेम्परोरी मार्केट जोन (Temporary Market Zone) सञ्चालन गर्नका लागि आवश्यक सहजिकरण गर्ने र करको दायरामा समावेश गरिनेछ,

३३३. तुलसीपुर १६ स्थित औद्योगिकग्रामको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ साथै अन्य क्षेत्रको समेत पहिचान गरि संघ, प्रदेश र अन्य सरोकारवालासंग साझेदारी,समन्वय तथा सहलगानीमा संचालन तथा व्यवस्थापनका लागि प्राथमिकता दिइनेछ,

३३४. ठूला लगानीकर्ताहरुलाई आकर्षित गर्न निजी क्षेत्रका उद्यमीहरूसँग विशेष छुट र सहुलियत बारे साझेदारी तथा समन्वय गरिनेछ,

३३५. नव प्रवर्तन (Start up) का लागि व्यवसायिक योजना सहित आउने युवा उद्यमीहरूलाई वित्तीय संस्थाको सहकार्यमा मापदण्डका आधारमा व्याज सहुलियत प्रदान गरिनेछ,

३३६. उपमहानगरपालिकाभित्र उत्पादन हुने Made in Tulsipur तथा Make in Tulsipur उत्पादनहरूलाई ब्रान्डिङ र प्रचारप्रसार गर्नका साथै यस्ता उत्पादनहरूको बजारको सुनिश्चितता गर्न तालिम तथा माग अध्ययन गरिनेछ,

३३७. स्थानीय सीप, कला कौशल र परम्परामा आधारित उद्योगहरूको प्रवद्र्धन गर्न मापदण्डका आधारमा लागत सहभागिता अन्तर्गत अनुदान प्रदान गरिनेछ,

३३८. नगरबाट हालसम्म संचालन भएका सीपमूलक तथा क्षमता विकास सम्बन्धि उधमशिलताका कार्यक्रमहरुको कार्यान्वयन तथा प्रभावकारीताको अनुगमन तथा मूल्याङकन गरि थप कार्यक्रमका लागि आवश्यक प्रवन्ध गरिनेछ,

## पर्यटन तथा संस्कृति प्रवर्द्धन

३३९. पर्यटन विकास गुरुयोजना निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ,

३४०. स्थानीय परम्परागत रैथाने खाना तथा परिकार, परम्परागत लोकबाजा, कला, संस्कार र संस्कृति भेषभूषाको संरक्षण,जातजाति,भाषा,बर्ण,लिङ्ग,धर्म संस्कृतिको प्रवर्धन गर्न आवश्यक व्यवस्था मिलाईनेछ,

३४१. **घुम्न जाउँ तुलसीपुर** कार्यक्रमलाई निरन्तरता दिदै पर्यटकीय क्षेत्रहरुको पहिचानका लागि डिजिटल सूचना प्रणालीको विकास गरिनेछ,

३४२. उपमहानगरपालिका क्षेत्रभित्र रहेका ताल तलैया, ड्याम, पोखरी, नदि, खोलाहरुमा जलयात्रा तथा डुङ्गा  ऱ्याफ्टिङ्ग र एडभेन्चर टुरिजमजस्ता मनोरञ्जनका साहसिक कार्यक्रमको कार्यान्वयनमा जोड दिइनेछ,

३४३. पर्यटकीय क्षेत्रहरुको कनेक्टीभिटिका लागि छिल्लीकोट देखि चमेरे गुफा , थरकोट सुकौराकोट दरबार सम्मको करीडोर निर्माणका लागि सम्भाव्यता अध्ययन गरी सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ,

३४४. धार्मिक, सांस्कृतिक ,ऐतिहासिक र प्राकृतिक पर्यटकीय तथा पुरातात्वीक क्षेत्रहरुको विषयविज्ञद्धारा अध्ययन गराई संरक्षण र प्रचार प्रसारको ब्यवस्था मिलाइनेछ ,

३४५. तुलसीपुरको पर्यटन बिकासमा टेवा पुऱ्याउन पद मार्ग (फुट ट्रेकिङ्ग) पहिचान तथा विकासका लागि निजि क्षेत्रसंग साझेदारी गरिनेछ,

३४६. प्रमुख पर्यटकीय क्षेत्रको विस्तृत विवरण र त्यहाँ पुग्ने प्रमुख मार्गहरूको वस्तुगत विवरण संकलन गरी प्रकाशन गरिनेछ,

३४७. नगर क्षेत्रभित्रका होमस्टे, पार्कहरु, ताल, तलैया,पोखरी,गुफाहरु,मठ मन्दिर तथा धार्मिक स्थलहरु लगायतका पर्यटकिय क्षेत्रहरुको पहिचान लगत संकलन अभिलेखिकरण/सूचिकरण गरि करको दायरामा समेत समावेश गरिनेछ,

३४८. पर्यटकीय क्षेत्र वरपर इन्टरनेट हटस्पटको प्रबन्ध गरिनेछ र पर्यटन वेवसाइट तथा पर्यटन Portal निर्माण  गरिनेछ,

३४९. पाक संस्कृतिको प्रवद्र्धन मार्फत शहरी पर्यटन प्रवद्र्धन गर्न Food tours, पाक कक्षा तथा Food Festival हरुको आयोजना गरिनेछ साथै City Arts Gallery हरुको विकास  गर्न प्रोतसाहन गरिनेछ,

## यस सम्मानित नगर सभाका सदस्यज्यूहरू,

आर्थिक वर्ष २०८३/०८४ को प्रस्तुत नीति तथा कार्यक्रमले संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र स्थानीय तहको एकल अधिकार, साझा अधिकार अन्य संवैधानिक जिम्मेवारी, संघ प्रदेशका नीति कार्यक्रम तथा योजना, सम्बन्धित ऐन, नियम, निर्देशिका तथा कार्यविधिगत प्रचलित कानूनहरुको प्रभावकारी कार्यान्वयन मार्फत ***"समृद्ध तुलसीपुर"*** निर्माण गर्ने यस नगर कार्यपालिकाको सपनालाई साकार पार्ने अपेक्षा लिएको छु । स्वास्थ्य, शिक्षा, कृषि पशु, सडक, खानेपानी, सिचाई, विद्युत र सञ्चार लगायतका पूर्वाधार प्राथमिकतामा राखिने छ । उद्यममा नवप्रवर्द्धन र युवा परिचालन मार्फत आर्थिक विकास र रोजगारी अभिवृद्धिलाई मुख्य प्राथमिकताका साथ अनुसरण गरेका छौं । सेवा प्रवाहमा सुशासन, पारदर्शिता, जवाफदेहीता र जनउत्तरदायी स्थानीय सरकार निर्माण गर्न हामी प्रतिवद्ध छौं । त्यसलाई आगामी दिनमा थप व्यवस्थित र सुदृढ गर्ने दायित्व पनि हामी माझमा रहेको छ । समग्र तुलसीपुरवासीको विकासको अपेक्षा पूरा गर्न आगामी वर्षमा पनि हामीले हाम्रो निष्ठा, समर्पण र त्यागलाई निरन्तरता दिनेछौं ।

यस नगरसभाको अवसरमा म तुलसीपुरको विकासमा साझेदारी र सहयोग गर्ने तथा वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा खटिइ महत्वपूर्ण योगदान पूर्याउनुहुने सबै जनप्रतिनिधि, कर्मचारी, महत्वपूर्ण सल्लाह सुझाव दिई सहयोग पुर्याउनुहुने विज्ञ, राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्था, निजि क्षेत्र, नागरिक समाज, समाजसेवी, सामाजिक अभियन्ता, सञ्चारकर्मि पत्रकार लगायत सबै आम तुलसीपुर नगरबासिहरुमा सहृदय हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु । साथै यस नीति तथा कार्यक्रम प्रभावकारी र अर्थपूर्ण रुपमा सहज वातावरण निर्माण गरि कार्यान्वयन गर्नका लागि विगतमा झैं सबैको साथ, सहयोग र समन्वयको अपेक्षा पनि गर्दछु ।

**धन्यवाद ।**